रातो खबर
Ratokhabar weekly
साप्ताहिक

## जनसांस्कृतिक महासङ्घको छैटौँ सम्मेलन पुस ११ र १२ गते

**काठमाडौँ ।** नेकपाको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासङ्घको छैटौँ राष्ट्रिय सम्मेलन आगामी पुस ११ र १२ गते काठमाडौँमा हुने भएको छ । महासङ्घको सोमबार काठमाडौँमा सम्पन्न चौथो पूर्ण बैठकले त्यसअघि देशभर महासङ्घका जिल्ला र प्रदेश सम्मेलनका साथै सांस्कृतिक गोष्ठी, अन्तरक्रिया र सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्ने निर्णय पनि गरेको छ ।

नेकपाका महासचिव विप्लवको प्रमुख आतिथ्य र महासङ्घका अध्यक्ष एवम् नेकपाका केन्द्रीय सदस्य माइला लामाको अध्यक्षतामा सम्पन्न बैठकले महासङ्घको सम्मेलनको अघि र पछि अनुकूलता मिलाएर आङ्गिक सङ्गठनका भेला र सम्मेलनहरू गर्ने, संयुक्त सांस्कृतिक मोर्चा निर्माणमा पहल गर्ने, महासङ्घ, अखिल नेपाल लेखक सङ्घ र सामना परिवारका प्रकाशनहरू गर्ने, महासङ्घ र लेखक सङ्घले देशका ... बाँकी पृष्ठ ४ मा

वर्ष ७, अङ्क १४, पूर्णाङ्क २८४ | २०७८ असोज २० गते बुधबार | Wednesday, 6 Oct 2021 | www.eratokhabar.com | मूल्य रु. १०

# सत्ता परिवर्तनका लागि बल प्रयोग अनिवार्य सर्त : विप्लव

## 'तीनबुँदे सहमति लागू नगरेर सरकारले गम्भीर गल्ती गरिरहेको छ'

■ **अशोक सुवेदी**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले एकीकृत जनक्रान्ति आफूहरूको मनोगत चाहना वा इच्छाको विषय नभएर वस्तुगत आवश्यकता रहेको बताएका छन् । रुसी सशस्त्र विद्रोह, चिनियाँ दीर्घकालीन जनयुद्ध, नेपालको जनयुद्धका साथै संसारकै क्रान्ति र विद्रोहहरूको परिष्कृत र एकीकृत स्वरूप (फ्युजन) भएकाले एकीकृत जनक्रान्ति श्रमिक सर्वहारा वर्गको नयाँ, मौलिक र विकसित कार्यदिशा रहेको महासचिव विप्लवको भनाइ छ । वर्गसङ्घर्षको अन्तिम सत्य राज्यसत्ता बल प्रयोगबाटै कब्जा गर्न सकिने विषय, पुरानो विचार र सत्ताले आफ्नो वर्गस्वार्थको रक्षाका लागि बल प्रयोग अनिवार्य गर्ने भएकाले श्रमिक सर्वहारा वर्गले पनि सत्ता हातमा लिन बल प्रयोगको सिद्धान्तलाई अनिवार्य सर्तका रूपमा स्वीकार गरेको उनको भनाइ थियो ।




सरकारसँग भएको तीनबुँदे सहमतिपछि अवसरवादी, संशोधनवादी, दलाल र धोकेबाजहरूले नेकपाविरुद्ध विभिन्न किसिमका अनर्गल प्रचार गरेर धमिलो पानीमा माछा मार्ने दुष्प्रयास गरेको भए पनि एकीकृत जनक्रान्ति जारी रहेको र जनताको बलले यो विजयसम्म पुगेरै छोड्ने महासचिव विप्लवको उद्घोष थियो । अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समितिको चौथो पूर्ण बैठकलाई काठमाडौँमा सम्बोधन गर्दै महासचिव विप्लवले एकीकृत जनक्रान्तिको उर्लँदो लहरबाट अत्तालिएका दलाल र जनविरोधी शासकहरूले नेकपामाथि प्रतिबन्ध लगाए पनि अन्ततः हार स्वीकार गरेर प्रतिबन्ध फुकुवा गरेको प्रस्ट पारे । उनले भने, 'तीनबुँदे सहमतिमा श्रमिक सर्वहारा वर्ग र क्रान्ति तल परेको छैन ।'

क्रान्तिलाई विजयसम्म पुऱ्याउनका लागि सदा क्रान्तिकारी भइरहन आवश्यक रहेको प्रस्ट पार्दै क्रान्तिकारी सांस्कृतिक चेत, व्यवहार र आचरणयुक्त हुन उनले क्रान्तिकारी संस्कृतिकर्मीलाई आह्वान गरे । क्रान्तिकारीहरूलाई उत्तेजित बनाएर समाप्त पारिदिने पुरानो सत्ताको षड्यन्त्रलाई नेकपाले नयाँ शैलीले चकनाचुर पारिदिएको र प्रतिबन्धबाट खारिएर विजयको शिखरतिर लम्किँदै गएको महासचिव विप्लवको संश्लेषण थियो । सत्ता दमनको प्रतिरोध गर्न र हत्या-संस्कृतिलाई धुजाधुजा पार्न पार्टीको योजना र कार्यक्रमसँगै जनसांस्कृतिक महासङ्घ र यसमा आबद्ध स्रष्टा-संस्कृतिकर्मी-शुभचिन्तकहरूको निरन्तरको आक्रामक आन्दोलन र सिर्जना पनि एउटा महत्वपूर्ण ... बाँकी पृष्ठ ७ मा

## फेरि जनतामा जान्छौँ : सुदर्शन

**दाङ ।** नेकपाका केन्द्रीय सचिवालय सदस्य एवम् पार्टी स्कुलिङ विभाग प्रमुख सुदर्शनले तीनबुँदे सहमतिप्रति राज्य गम्भीर नभए आफूहरू जनतामा जाने उद्घोष गरेका छन् । नेता सुदर्शनले संसदीय व्यवस्थामा प्रजातन्त्र भ्रम मात्रै रहेको पनि प्रस्ट पारे । वास्तविक प्रजातान्त्रिक मूल्य-मान्यताको रक्षा र प्रयोग वैज्ञानिक समाजवादी राज्यसत्तामा नेता हुने सुदर्शनले बताए । उनले सरकार तीनबुँदे सहमतिमा इमानदार नभएकाले आफूहरु अदालतको आदेशमा छुटेको पनि बताए । ... बाँकी पृष्ठ ४ मा

## युवा सङ्गठनले सरकारी कार्यालयमा नयाँ नक्सा राख्यो

**डोटी ।** नेकपाको सहायक संगठन युवा संगठन नेपाल डोटीले जिल्लाका सबै सरकारी कार्यालयहरूमा लिपुलेक, लिम्पियाधुरासहितको नयाँ नक्सा राखिदिएको छ । युवा सङ्गठनले जिल्ला बन कार्यालय, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी शाखा कार्यालय, जिल्ला कृषि ज्ञान केन्द्र सिलगढी, दिपायल सिलगढी नगरपालिका कार्यालय, जिल्ला समन्वय डोटीलगायत कार्यालयमा नेपालको नयाँ नक्सा राखिदिएको हो ।

युवा सङ्गठनले ... बाँकी पृष्ठ ४ मा

## पार्टी प्रवक्ता प्रकाण्डद्वारा सहमति कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टीले पूर्ववर्ती सरकारसँग भएको ३ बुँदे सहमति छिटोभन्दा छिटो कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएको छ । पार्टीका प्रवक्ता प्रकाण्डको नेतृत्वमा प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाइएको ज्ञापनपत्रमा तीनबुँदे सहमति अविलम्ब कार्यान्वयन गर्न, बन्दी रिहा गर्न र सम्पूर्ण झूट्टा मुद्दा खारेज गर्न माग गरिएको छ ।



प्रवक्ता प्रकाण्डले सहमति कार्यान्वयन गर्न ढिला भएकाले उक्त विषयको गम्भीरता र संवेदनशीलतालाई दृष्टिगत गरी बन्दी रिहा र मुद्दा खारेज गर्न विशेष कार्यदल बनाएर कार्य सम्पादन गरी विषयको छिटोभन्दा छिटो निरूपण गर्न आग्रह गरेका छन् ।

नेकपा महासचिव ... बाँकी पृष्ठ ७ मा

## तीनबुँदे सहमति कार्यान्वयन गर्न माग गर्दै देशभर धर्ना

**काठमाडौँ ।** नेकपा र पार्टीका विभिन्न जनवर्गीय संगठनहरुले पार्टी र सरकारबीच गत फागुन २१ भएको तीनबुँदे सहमति अविलम्ब कार्यान्वयन गर्न माग गर्दै देशका सबै जिल्ला प्रशासन कार्यालयअघि जुलुस प्रदर्शन, धर्नालगायत आन्दोलन सुरु गरेको छ । आन्दोलनका क्रममा सरकारले सहमति पालना नगरेको विरोधमा कालो ब्यानर प्रदर्शन गरिएको छ ।

रोल्पाबाट प्राप्त समाचारअनुसार नेपाल कम्युनिस्ट पार्टीले ३ बुँदे सहमति कार्यान्वयन गर्न दबाब दिँदै जिल्ला प्रशासन कार्यालयमा धर्ना दिनुका साथै कोणसभा आयोजना गरेको छ । सरकार र नेकपाबीच भएको तीनबुँदे सहमति कार्यान्वयन गर्न दबाबस्वरूप नेकपाले जिल्ला प्रशासन कार्यालय रोल्पाको मूल ढोकामै धर्ना दिएको हो । नेकपाले ... बाँकी पृष्ठ ७ मा

## 'क्रान्तिको धक्काले दलाल पुँजीवाद मृत्युको मुखमा पुगेको छ'



■ **रातोखबर संवाददाता**/

**पर्सा (चितवन)**

नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिले चितवनको पर्सामा केन्द्रीय वैचारिक राजनीतिक प्रशिक्षण सम्पन्न गरेको छ । गतसाता सोमबार सुरु भएको प्रशिक्षण चार दिन सञ्चालन भएर बिहीबार समापन भएको हो ।

प्रशिक्षण कार्यक्रमका सहभागीहरूलाई प्रशिक्षित गर्दै पार्टी महासचिव विप्लवले पार्टीको आगामी कार्यनीति, रणनीति, गर्नुपर्ने काम, केन्द्रीय समितिको निर्णय, वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिलगायत विषयमा व्याख्या गरेका छन् । प्रशिक्षणका क्रममा उनले क्रान्तिलाई विजयमा पुर्याउन एक ढिक्का भएर जनतामा जानुपर्ने बताए । क्रान्ति विजयोन्मुख रहेको र दलाल पुँजीवाद हार्दै गएको ... बाँकी पृष्ठ ७ मा

## राष्ट्रघाती एमसीसीविरुद्ध २६ दल २२ गते काठमाडौँमा गर्जिँदै

■ **रातोखबर संवाददाता**/काठमाडौँ

राष्ट्रघाती अमेरिकी परियोजना एमसीसीको विरोधमा आन्दोलनरत २६ दलीय मोर्चाले यही असोज २२ गते काठमाडौँमा विरोध प्रदर्शन गर्ने भएको छ ।

एमसीसीविरुद्ध विभिन्न किसिमका आन्दोलन गर्दै आएको उक्त मोर्चाले एमसीसी कुनै पनि समय नेपालका संसद्बाट पारित हुन सक्ने भन्दै निरन्तर विरोध गर्दै आएको छ ।

एमसीसी खारेजी अभियानको मङ्गलबार ललितपुरको कुपन्डोलमा सम्पन्न बैठकले देशभक्त सङ्गठनको सङ्घर्षका कारण उत्पन्न दबाब र विभिन्न पार्टी-सङ्गठनभित्रको विरोधका कारण एमसीसी सम्झौता तत्कालका लागि संसद्को कार्यसूचीमा सामेल हुन नसकेको भए पनि विदेशी शक्तिकेन्द्रहरूको दलाल सरकारले यो राष्ट्रघाती सम्झौता कुनै पनि बेला अनुमोदन गराउन सक्छ भन्दै यसलाई खारेज नगराउँदासम्म सङ्घर्षलाई निरन्तर अघि बढाइरहने निर्णय गरेको छ ।

एमसीसी विरोध कार्यक्रम असोज २२ गते दिनको १२ बजे माइतीघर मण्डलाबाट जुलुस सुरु गरेर संसद् भवनअघि पुगी विरोधसभा गर्ने निर्णय भएको बैठकपछि एमसीसी सम्झौता खारेजी आन्दोलनका तर्फबाट सीपी गजुरेलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । साथै बैठकले विरोध कार्यक्रममा सहभागी हुन सबै देशभक्त शक्तिहरू, सङ्गठनहरू र व्यक्तिहरूलाई आह्वान गर्ने निर्णय पनि गरेको छ ।

विगतको केपी ओली सरकार र विप्लवले नेतृत्व गरेको नेकपाका बीच फागुन २१ मा भएको लिखित सहमतिअनुसार नेकपाका सबै नेता-कार्यकर्ता रिहा भइसक्नुपर्नेमा ... बाँकी पृष्ठ ७ मा

## पुँजीवाद कि वैज्ञानिक समाजवाद ?

**२) विकल्प पात्र–सरकारको परिवर्तन**

पात्र र सरकार परिवर्तन तर सत्तामा निरन्तरता नै निकास हो भन्ने दृष्टिकोण पुँजीवादी एवम् संसद्वादीहरूको छ । यिनीहरूको विश्लेषणअनुसार राजनीतिक रूपले संसदीय व्यवस्था सही हुँदाहुँदै पनि पात्र, नेता, सरकारको अक्षमता र असफलताले यो समस्या आएको छ ।

केहीको तर्कअनुसार नेपालमा पुँजीवाद वा संसदीय व्यवस्थाले भरखरै पाइला चाल्दैछ, यस्तो परिस्थितिमा पात्र-प्रतिनिधिहरूको कमजोरीलाई व्यवस्थाकै असफलता भन्नु उचित हुँदैन । पुँजीवादको अन्त्य हुन्छ भने पनि यसको भरपूर विकास भएपछि मात्र हुने हो । पुँजीवाद नै विकास नभइसकेको अवस्थामा व्यवस्थै फेर्न खोज्नु भनेको समय नपुग्दै बच्चा जन्माउन खोज्नुजस्तै हुन्छ ।

पात्रविशेषको समस्या ठान्नेहरूको तर्कमा सङ्कटको कारण पात्र, नेता, पार्टी, सरकार भएपछि पात्रविशेषको समाधान पात्र, नेताविशेषको समाधान नेता, पार्टी र सरकारविशेषको समाधान पार्टी र सरकार हुनुपर्छ । पात्र, नेताको विकल्प लोकतान्त्रिक व्यवस्थाको परिवर्तन हुन सक्दैन भन्ने रहेको छ ।

व्यवस्थालाई जबर्जस्ती परिवर्तन गर्न खोज्ने हो भने त्यो सहज एवम् शान्तिपूर्ण तरिकाले सम्भव छैन । त्यसका लागि सशस्त्र विद्रोहको विजय, सैन्य कू, विदेशी शक्तिको हस्तक्षेप आवश्यक पर्छ भन्ने छ । वास्तवमा यो तर्कभित्र संसद्वादीहरूले कम्युनिस्टहरूलाई अधिनायकवादी, सर्वसत्तावादी, निरङ्कुश भनेर लगाएको आरोपभन्दा डरलाग्दो अधिनायकवादी, तानाशाही दृष्टिकोण छिपेको छ जसले पुँजीवादी संसद्वादीहरूका सारा लोकतान्त्रिक प्रचारहरू केवल आफ्नो रक्षा र निरन्तरताका लागि देखाइने मन्त्र मात्र हुन् भन्ने साबित गर्छ ।

वास्तवमा यो सङ्कट व्यवस्था नयाँ भएर आएको होइन । पुँजीवादी संसदीय व्यवस्था विश्वमै सङ्कटग्रस्त बन्दै गएको व्यवस्था हो । यसले मानव जाति, राजनीतिक व्यवस्था, आर्थिक सम्बन्धमा मात्र होइन, पर्यावरणीय क्षेत्रमा पनि काम गर्न सकेको छैन । पुँजीवादले विश्वमा बढाइरहेको असमानता र सामाजिक क्षेत्रका सुविधाहरूको भोगमा देखिएको अतुलनीय असमानताजस्ता कारणले स्वयम् पुँजीवादी बुद्धिजीवीहरूले समेत पुँजीवाद मर्दै गएको, केही दशकभित्र मर्ने पक्का भएको र उचित विकल्प खोज्नुपर्ने बेला आएको विचार दिइरहेका छन् ।

**देश/परिवेश**

■ विप्लव



उदाहरणका लागि पुँजीवादी व्यवस्था र लोकतन्त्रलाई नै अन्तिम व्यवस्था घोषणा गर्ने अमेरिकी प्रोफेसर फुकोयामाले नै पुँजीवादले काम नचल्ने, ... क्रमशः पृष्ठ ३ मा

वर्ष ७, अङ्क १४, पूर्णाङ्क २८४
रातो खबर साप्ताहिक

## सम्पादकीय

# संस्कृति र पूर्वीय दर्शन

संस्कृति मानवचेतनाको अभिव्यक्ति हो । मानवीय आवश्यकता पूरा गर्ने क्रममा मानिसले आविष्कार र सिर्जना गरेका सबै चीजहरू मानव संस्कृति हुन् । संस्कृति मूलभूत रूपले दुई किसिमका हुन्छन्– भौतिक र अभौतिक । घर, दरबार, सङ्ग्रहालय, भ्युटावर, वास्तुकला, चित्रकला, मूर्तिकलालगायत सबै कला, पुस्तक, धरहरा, अस्पताल आदि भौतिक संस्कृति हुन् भने दर्शन, साहित्य, संस्कार, आदि अभौतिक संस्कृति हुन् । संस्कृति मानिसले मानिसकै लागि सिर्जना गरेको हो । मानव समाजको चेतना र सामाजिक स्तरअनुरूप नै संस्कृति निर्माण र विकास हुँदै आए । यसरी संस्कृति मानिसको उपज हो ।

एङ्गेल्सले संस्कृतिलाई दोस्रो प्रकृति भनेका छन् । संस्कृति निकै लामो समयावधिमा निर्मित हुने भएकाले यो स्वाभाविक रूपले नै जटिल र बलियो हुन्छ । संस्कृतिमा मानिसको जन्मदेखि मृत्युसम्मका सुखद र दुःखद् पक्षलाई समाविष्ट गरी खुसी र दुःखलाई व्यक्त गर्ने विधि तर्जुमा गरिएको हुन्छ । संस्कृति मानवजीवनको अविभाज्य र अनिवार्य विषय हो । कतिपयले संस्कृतिलाई धार्मिक विषयका रूपमा सीमित गर्ने गरेका छन् जुन सर्वथा गलत कुरा हो । वास्तवमा धर्म र संस्कृति एउटै विषय होइनन् । यी फरक विषय हुन् । संस्कृति मानव समाजको विकाससँगै निर्माण भएको हो भने धर्म मानव समाज निर्माणको कयौँ समयपछि मात्र विकास भएको अवधारणा हो । यस अर्थमा संस्कृति धर्मभन्दा निकै जेठो मानिन्छ । कतिपयले संस्कृतिलाई धर्मको अधीनमा राख्ने वा धर्मभित्र बाँध्ने दुष्प्रयास गर्दछन् । वास्तवमा संस्कृति कुनै निश्चित धर्मको सीमाभन्दा माथि, विस्तृत र फराकिलो हुन्छ । यद्यपि धर्म मान्नेहरूको पनि संस्कृति हुन्छ भने धर्म नमान्नेहरूको पनि संस्कृति हुन्छ । आध्यात्मिक र भौतिकवादी दुवै पक्षले आआफ्नो मान्यताअनुसार संस्कृतिलाई स्वीकार गर्दछन् ।

चाडपर्वहरू पनि मानवीय खुसी र उत्सवका लागि हुन् । मानवीय जीवनका दुःखद्, निराशालाई बिसाउँदै आशा र उज्यालो भविष्य तथा जीवनमुखी बनाउन चाडपर्वले मानवजीवनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । इतिहासका विभिन्न कालखण्डमा मानव समाजका विभिन्न सुखद पक्ष, आविष्कार, मिलन, विजय र सफलताका पक्षहरूलाई स्मरणका रूपमा मनाउँदै परम्परा र पर्वको रूप धारण भएका हुन् जुन धर्मको आरम्भ हुनुभन्दा अघिदेखि नै प्रचलित थिए । सबै पर्व र परम्पराहरूका पछाडि कुनै न कुनै घटना, संयोग, विषय वा प्रसङ्ग पाइन्छ । ती प्रसङ्ग पहिले अलि वस्तुवादी हुन्थे जुन इतिहास अध्ययनका लागि पनि सहायक हुन्छन् । पछि ती प्रसङ्गहरू सबैलाई धार्मिक आवरण दिलाइयो । गुप्त राखियो र तिनलाई रहस्यको विषय बनाइयो । यसरी परम्परा र चाडपर्वका वैज्ञानिक आधारहरू खोजी गर्न र वास्तविकता प्रकट गर्न अवरोध खडा भयो ।

जब कुनै पनि विषयलाई रहस्यको विषय बनाइन्छ, अझ आस्था र धर्मको विषय बनाइन्छ तब बहस सकिन्छ किनकि आस्थामाथि बहस हुन सक्दैन । त्यहाँ त केवल विश्वास र श्रद्धा मात्र हुन्छ, कारण त्यहाँ शङ्का हुँदैन । बहस र खोज-अनुसन्धानका लागि शङ्का अनिवार्य पक्ष हो जसले वास्तविकताको अन्वेषण गर्न मार्गप्रशस्त गर्दछ ।

पूवीय दर्शन आफैँमा यति सम्पन्न र वैभवशाली हुँदाहुँदै पनि किन पछि पऱ्यो, किन आफ्नै दर्शनको प्रामाणिकताका लागि पश्चिमी दर्शनको मुख ताक्नु परिरहेको छ भन्ने विषय पनि महत्वपूर्ण रूपले खोजको विषय बन्न सक्छ । अन्य विविध कारणहरूसँगै एउटा आधारभूत कारण के भन्न सकिन्छ भने पूर्वीय दर्शनका सबै खोज र निष्कर्षहरू, विधि र पद्धतिहरू, आलोचना, ज्ञान, विज्ञान र आविष्कारहरू सबका सबलाई इतिहासको कुनै कालखण्डमा आइपुग्दा आफूबाहेक अरूले थाहा नपाऊन् भनी गोप्य राख्ने, रहस्यको विषय बनाइयो, आस्था र धर्मको विषय बनाइयो । त्यसबारे थप अध्ययन गर्न, बहसको विषय बनाउन रोक लगाइयो । अध्ययन गर्ने अध्येता, अनुसन्धान गर्ने वैज्ञानिकहरूलाई निर्मम सजाय दिने व्यवस्था भयो ।

कुनै पनि दर्शनको अस्तित्व र विकास त्यसबारेको क्रिया-प्रतिक्रिया, समर्थन र आलोचनाले निर्धारण गर्दछ । जुन दर्शनको चर्चा र बहस हुँदैन त्यो मृतसरह हुन पुग्छ । पूर्वीय दर्शनलाई गुफा र मन्दिरभित्र कैद नगरी बहस र आलोचनालाई स्वीकार गरिएको भए तिनका कतिपय वैज्ञानिक निष्कर्षहरूले यतिबेला विश्व मानवसभ्यतामा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्थे ।

यति बेला पूर्वीय दर्शनलाई गुफा, मठ, मन्दिर गुम्बा र स्वार्थी-धर्मभीरुहरूबाट मुक्त गरी बैज्ञानिक दृष्टिकोणको नयाँ आधारमा अध्ययन, परीक्षण गर्नु जरुरी छ । समयको गतिसँगै त्यसका गलत पक्षहरूलाई आलोचना र त्यागको विषय बनाउँदै त्यसका वैज्ञानिक पक्षको अनुसारण गर्नु पर्दछ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# प्यारो दाजु बलहीरा अर्थात् करबहादुर बुढाको स्मृतिमा



सन्तोष बुढा मगर

२०७८ साल असोज ९ गते मेरो सहोदर दाजु बलहीरा बुढामगरको आफ्नै निवास घोराही १३ डुमुर गाउँमा निधन भयो । उहाँ ८ वर्षदेखि प्यारालाइसिस भएर ओछ्यान पर्नुभएको थियो । उहाँलाई हाम्रो स्थानीय र जातीय परम्पराअनुसार दाहसंस्कार गर्ने काम भयो । उहाँ बुबाआमाका हामी ५ भाइ, दुई बहिनी छोरा-छोरीमध्ये पहिलो सुपुत्र हुनुहुन्थ्यो । माइलो दाजु राजीमन बुढा २६ वर्षको कलिलो उमेरमा विवाह नगर्दै २०३२ सालमा राँगनको रोगबाट ६ महिना बिनाउपचार थला परेर बित्नुभयो । त्यसबेला म सानै थिएँ । हाम्रो गाउँमा न अस्पताल थियो, न त औषधी-उपचारको व्यवस्था नै । सानातिना रुघाखोकीदेखि ठूलाठूला दीर्घ रोगसम्म पनि धामीझाँक्री र झारफुकमै भर पर्नुपर्थ्यो । यो हाम्रो गाउँको मात्र थिएन, सायद त्यसबेलाको विशाल ग्रामीण क्षेत्रहरूमा यस्तै अवस्था थियो । कयौँ मानिसले सानाभन्दा साना रोगहरूबाट पनि बिनाउपचार अकालै मर्नुपर्थ्यो । त्यसको सिकार हाम्रो परिवार पनि बन्दै आयो ।

बुबाको ५५ वर्षमै पाखुराको हड्डी भाँचिएपछि उपचार नपाएर इन्फेक्सन भएर त्यसैको कारण ६ महिनापछि हृदयाघात भयो । आमाको पनि घरकै अगाडि ढिकबाट खसेर २ वटा करङ भाँचिए र त्यसैको कारण उहाँ पनि लामो समय ओछ्यान पर्नुभयो र ५७/५८ वर्षकै उमेरमा बित्नुभयो । घरमै झारफुक र देवीदेवताको भर पर्दापर्दै देवीदेवता र धामीझाँक्रीले पनि बचाउन सकेनन् । माइलो दाइ राँगनको रोगले र साइँली भाउजू रगत नरोकिएर बित्नुभयो । आजको स्वास्थ्य विज्ञानको आँखाबाट हेर्दा यी नितान्त सामान्य खालका, सजिलै उपचार गर्न र बचाउन सकिने रोग थिए तर गरिबी, अशिक्षा, अचेतना, स्वास्थ्य सुविधाहरूबाट टाढा र रूढिवादी चेतना, संस्कारका कारण यी सबै सम्भव हुँदाहुँदै पनि अकालै गरूँला, खाउँला भन्ने बैंसमै जीवन त्याग्नुपर्ने बाध्यता थियो । यो बाध्यताले मनहरू थिलथिलो भएका छन् । पीडाहरूले भावनामा गहिरो डाम बसालेर गएका छन् । यी जीवन-मृत्युका घटनासँग म १२ वर्षको उमेरदेखि साक्षात छु, परिचित छु । प्रत्यक्ष मेराअगाडि भएका यी घटनाले मलाई असाध्यै मर्माहत बनाएको छ । मलाई कम्युनिस्ट आन्दोलनमा प्रेरित गर्नुहुने आदरणीय मेरो सहोदर जेठो दाजुलाई हार्दिक श्रद्धाञ्जली दिन चाहन्छु ।

यस्तै घटनाहरूका बीचमा हाम्रो परिवार एउटा सामान्य गरिब परिवारको बीचबाट अघि बढिरहेको थियो । यस्तो परिवारमा जन्मनुभएका आदरणीय जेठा दाइको नाम आमाले करबहादुर, घरकी बज्यैले बलहीरा बुढा राखिदिनुभयो । दाइलाई कसैले करबहादुर भने, कसैले बलहीरा भने पनि उहाँका दुवै नाम उस्तैउस्तै बराबरी प्रचलनमा थिए । पछि नागरिकता बनाउने बेला उहाँले करबहादुर नामबाट नागरिकता बनाउनुभयो । उहाँको जन्म २००१ साल चैत १५ गते भएको थियो ।

यसै क्रममा उहाँका ३ छोरी र एक छोरा भए । एक मात्र छोरा राजप्रकाश भारतीय आर्मीमा भर्ती भए । जेठी छोरीले दाङमा घर किनिन् । जेठी र माइली छोरीले घोराहीमै होटेल व्यवसाय सुरु गरे । भाइबहिनीहरूलाई पढाए । पहाड घरमा बुढाबूढी मात्रै परम्परागत खेतीप्रणालीमा दुःखकष्ट गरी बसिरहेको बेला दाइलाई उच्च रक्तचाप -ब्लड प्रेसर) ले हान्यो । उहाँको एउटा आँखा धमिलो बन्दै नदेखिने भएपछि उहाँ आँखाको उपचारका लागि दाङ घोराही छोरीहरूकोमा झर्नुभयो । छोरीहरूले उहाँलाई तुलसीपुर आँखा अस्पतालमा जाँच गराए । डाक्टरले ब्लड प्रेसरको कारणले यो भएकाले ब्लड प्रेसर कम गराएर हल भएन भने मात्र अप्रेसन गर्ने सल्लाह दिए तर उहाँले छिट्टै अप्रेसन गरेर घर फर्किने भनी जिद्दी गरेपछि छोरीहरूले घोराहीस्थित एउटा निजी अस्पतालमा परीक्षण गराए । उनीहरूले तुरुन्तै आँखाको अप्रेसन गरिदिए । आँखाको अप्रेसनपछि आँखाको समस्या त हल भयो तर अप्रेसनको नवौँ दिनपछि अर्को बेर्थि सुरु भयो, प्यारालाइसिस । उहाँको बायाँ हातखुट्टाहरू नचल्ने भए ।

यो आठ वर्ष अगाडिको घटना हो । प्यारालाइसिस भएपछि उहाँ घोराहीस्थित छोरीज्वाइँको घरमै बस्दै आउनुभयो । पछि छोरोले त्यही घर किनेर आफ्नै बनाउनुभयो । केही समयपछि लट्ठी टेकेर वरपर गर्ने, खोच्याउँदै बसपार्कसम्म पुग्ने र आफैँ घर आउने, ट्वाइलेट आउनेजाने गरिरहनुभएको थियो । त्यसै समयमा फेरि ट्वाइलेट जाने बेला लडेर प्यारालाइज भएको खुट्टाको साँप्राको हड्डी भाँचियो । यसपछि उहाँ हलचलै गर्न नसक्ने गरी थला पर्नुभयो । यसपछिका करिब आठ वर्षहरूमा दाइ र भाउजूहरूको अवस्था निकै दर्दनाक बन्यो । दाइलाई उठाउने र सुताउने, खाना-खुवाउने र मल-मूत्र दहन गर्ने, सफा गर्ने दाइभाउजूको दिनचर्या बडो हृदयविदारक र करुणादायी बनेको थियो । म हरेक पटक भेट्न गएँ । उहाँको हालत र भाउजूको अवस्था देख्दा हृदय पग्लेर आउँथ्यो । पछिल्लो समय उहाँ झन्पछि झन् कमजोर बन्दै जानुभयो । यति गर्दा पनि भाउजूले आफ्नो कर्तव्यमा कुनै कमी हुन दिनुभएन ।

यसै सिलसिलामा पछिल्लो समय दाइको अवस्था झन्पछि झन् बिग्रँदै जान थाल्यो । कामका क्रममा मेरी श्रीवनसँगिनी घोराही आएको बेला दाइभाउजूहरूकहाँ नै बसिन् । हामी सबै आउँदा सबै जहिले पनि दाइभाउजूकहाँ नपसीकन चित्त बुझ्दैनथ्यो । श्रीमतीजीको पूरा एक महिनाको बसाइ दाइभाउजूहरूसँगै भयो । दाइभाउजूसँगै बसेपछि दाइको अवस्था निकै नाजुक हुँदै गएको र दाइले मलाई घरिघरि सोधिरहनुभएको खबर श्रीमतीबाट पाइराखेँ । अरू कामहरू ठाती राखेर भदौ ४ गते दाइलाई भेट्न आएँ र ४ दिन सँगै बसेँ । त्यसपछि छिटै आउने बाचा गर्दै म पार्टी कार्यक्रमहरूतिर लागेँ । यसबीचमा करिब एक महिना भयो, श्रीमतीले यसबीचको एक महिना दाइभाउजुहरूकै नजिक रहेर भाउजूलाई सहयोग गरिन् । असोजको सुरुआतबाट मेरो परिवारले दाइको स्वास्थ्य निकै चिन्ताजनक अवस्थामा रहेको र कान्छा कहिले आउँछ भनेर सोधिरहनुभएको खबरले म पनि भित्रभित्र आत्तिइरहेको थिएँ । सपना पनि दाइलाई विभिन्न मुद्रा र अवस्थामा देख्न थालेँ । बीचबीचमा भाउजूलाई पनि फोन गरिरहेँ । भाउजूले पनि कान्छा किन नआएको, कान्छा आएर पनि किन नबोलाएर गएको यस्ता प्रश्नहरू निरन्तर गरिरहेको भनेपछि हाम्रो केन्द्रीय समितिको बैठक र पोखराको विद्यार्थी सम्मेलनको उद्घाटन सत्र भ्याएर दाइलाई भेट्न जाने योजना बनाएँ र त्यसैअनुरूप नै म असोजको आठ गते बेलुका ८ बजेतिर दाइभाउजूकहाँ पुगेँ । दाइलाई भेटेँ, नमस्कार गरेँ । मात्र पुलुक्क हेर्नुभयो । एक छिनपछि 'आयौ ?' भन्नुभयो । मैले टाउको निहुऱ्याएर 'अँ' भनेँ । 'मलाई चिन्नुभयो ?' भनेँ, फेरि बोल्नुभएन, एकहोरो हेरी मात्र रहनुभयो । दोहोऱ्याएर फेरि सोधेपछि 'अँ' भन्ने सङ्केत दिनुभयो । 'म को हो ?' भनेँ । धौ-धौ सानो आवाजमा सासले 'कान्छा' भन्नुभयो । मैले 'नआत्तिनू' भनेँ । खानापछि, दुईदुई तुर्की पानी र जुस चम्चाबाट मुखमा राखिदिएँ । उहाँले दायाँको अलि-अलि चल्ने हातले देब्रेतिरको मुटुतिर सङ्केत गर्दै 'यहाँ दुख्छ' भन्नुभयो । यस्तै अरू केके बोल्नु खोज्नुभएको थियो, उहाँले पनि सक्नुभएन, मैले पनि बुझिनँ । हामी दुई भाइको अन्तिम बुझिने र नबुझिने हाम्रो कुराकानी यति भयो । खानापछि भाउजू र मैले कोल्टे बनायौँ, एकहोरो मतिर हेरिरहनुभएको थियो । केही समयपछि फेरि सीधा बनायौँ । मुखमा अलिकति पानी राखिदिएँ, भो भन्ने सङ्केत दिनुभयो । उहाँको दायाँ आँखाबाट आँसु बगिरहेको देखेँ । म पनि भावुक भएँ । करिब १० बजे रातीको समय थियो । मैले उहाँका हात समातेँ । हातका कुइनाहरू सुन्निएका थिए । कुइनाको मासु डल्लो कालो भएको थियो । दायाँ आँखा सानो र वरपर कालो भएको थियो । मुख हेरेँ, जिब्रो धेरै छोटो भएको थियो । नाडी छामेँ, पल्स भेटिनँ । आँखा हेरेँ, एकोहोरो भएको थियो । समय यस्तै करिब ११ बजेको थियो, भाउजूले कान्छा, तिमी आराम गर्न जाऊ, थाकेका छौ । दाइको सधैँ यस्तै हो भन्नुभयो । म पनि आराम गर्न गएँ तर भोलि बिहानै एउटा लेख तयार पारेर एउटा प्रकाशनलाई दिनुपर्ने भएकाले म १२ बजेतिर त्यो लेख तयार पारेर मात्र सुतेँ । म मस्त निद्रामा परेको थिएँ, ढोकामा ढकढक आवाज आयो । म जुरुक्क उठेँ । माइतीकी माइजूको 'कान्छा' भन्ने आवाज आयो । ढोका खोलेको माइजू हुनुहुँदो रहेछ । माइजूले आत्तिएको आवाजमा 'कान्छा, जेठा दाइ त मान्छे नहुने हो किजस्तो छ, छिटो आइज' भन्नुभयो । म सीधै दाइकोमा पुगेँ । छामेँ, कराएँ, हल्लाएँ तर दाइको शरीर निश्चल भइसकेको थियो । हातहरू चिसा तर शरीर तातै थियो । उहाँको मुखमा हात राखेँ, सास बन्द भइसकेको थियो । भाउजू छेवैमा बसेर रोइरहनुभएको थियो । भाउजूले रुँदै औँठीको आधा भाग, अर्को सुनको सानो टुक्रा र एउटा पुरानो सिक्का भिजाएको सुनपानी दिनुभयो । मैले पानीसँगै ती सबै मुखमा राखिदिएँ । तर सास गइसकेकाले निल्ने अवस्था थिएन । मैले चोर औँलाले घाँटीसम्म छिराइदिएँ । मुखमा औँला राख्दा मुख तातै थियो । आँखा र मुख खुला थिए, बन्द गरिदिएँ । मैले हिजोको जस्तै दाजु–दाजु भनेर दोहोऱ्याई-तेहेऱ्याई कराएँ तर उहाँको पार्थिव शरीर मात्र हाम्रो मेरासामु थियो । उहाँले सदाका लागि बोली बन्द गरिसक्नुभएको थियो । मेरा दुवै आँखाबाट आँसु झरे । हिजो उहाँको आँखाको आँसु र आजको मेरो आँखाको आँसुबीचको साइनो गहिरो थियो तर भेट भएनन् । यी दुवै आँसुहरू बिदाइका आँसुमा परिणत भए । उहाँको आँसु देखेँ र मैले आँसुको अर्थ बुझेँ तर मेरो आँसुको अर्थ बुझ्ने अवस्थामा उहाँ हुनुहुन्नथ्यो ।

संयोग यस्तो भयो, म आएको ३ घन्टापछि दाइले प्राण त्याग गर्नुभयो । मान्छेले भनेजस्तै मलाई नै पर्खी बसेजस्तो भयो । हरेक मान्छेको सास टुट्नुअगाडि एकपटक अनुहारमा कान्ति छाउँछ । मुहार उज्यालो भएर आउँछ । कोही बोलिरहेको मान्छेको बोली फुट्छ । खानै नखाने मान्छेले पनि खाना खान्छ र कोही त अब त 'म मर्दिनँ' भनेर ठूलो बाँच्ने आशा जगाउँछन् । हाम्री आमाले प्राण त्याग गर्नुपूर्व शरीर हलचल गर्न नसक्ने र आँखासमेत बन्द भएको दुई दिन भएको थियो । दुई दिनपछि जेठो दाइ भेडीगोठबाट ढिलो आउनुभयो, 'जेठा छोरा आउनुभयो' भनेर कसैले सुनाएको एकछिनपछि प्राण त्याग गर्नुभयो । माइलो दाइले जेठो दाइलाई खोजिरहनुभयो । पटक-पटक दाइ आउनुभएन ? भनिरहनुभएको थियो । दाइ भेडीगोठमा हुनुहुन्थ्यो । अर्को दिन जब दाइ घर आउनुभयो र भित्री सँघार नाघेर बिरामी दाईको खुट्टानिर पुग्नुभयो, उहाँको अन्तिम वचन फुट्यो- 'दाज्यु आउनुभयो ?' जेठा दाइले 'अँ, आइपुगेँ' मात्र के भन्नुभएको थियो, माइलो हर्लक्कै जानुभयो । यसपालि जेठा दाइ र मेरो पनि त्यस्तै भयो । म आउँदा उहाँ आँखा बन्द गरेर आराम गरिरहनुभएको थियो । मैले नजिक गएर दाज्यु भनेपछि आँखा खोल्नुभयो । माथि भनेझैँ केही कुराकानी पनि भयो । ११ बजे राती हामी छुट्टियौँ । यसको ठीक ३ घन्टापछि उहाँको पार्थिव, अविचल शरीर मात्र हाम्रो अगाडि थियो । उहाँ सदाका लागि बिदा भइसक्नुभएको थियो । दागबत्ती दिने एक मात्र छोरो पल्टनमा राजस्थानमा थियो, भोलिसम्म पनि आइपुग्ने स्थिति थिएन । उहाँका हामी शेष ३ भाइहरूमा २ भाइ थबाङ हुनुहुन्थ्यो । समय, दूरी र वर्षाले एक दिनमा आउने स्थिति उहाँहरूको पनि थिएन । त्यसैले अब कान्छा आयो भनेर ढुक्क भएजस्तो भयो । अन्तिममा मैले नै दागबत्ती दिएँ । यो संयोगको कुरा थियो ।

माइलो दाजु, आमा र जेठो दाजु गरी यस्ता ३ वटा घटना मैले आफ्नै जीवनमा बेहोरेँ । मलाई के अनुभूति भयो भने मर्ने मान्छेको पर्खाइको अर्थ हुँदो रहेछ । मेरो यो तेस्रो घटना थियो हाम्रै परिवारमा । पखाइको अर्थ आशा हुँदो रहेछ । आशा छ जीवन छ, आशा सकियो मृत्यु । यो मेरो संश्लेषण हो । आशा कति दह्रो हुँदो रहेछ, कति बलियो हुँदो रहेछ । यसलाई कसैले आध्यात्मिक अर्थमा नबुझिदिनुहोला । यो भौतिक परिवेशकै उपज हो । मैले यसलाई क्रान्तिसँग तुलना गरेँ । जसरी एउटा मान्छेको आशाले उसलाई अन्तिमसम्म बचाउँछ र बाँच्न सिकाउँछ, त्यसरी नै क्रान्ति पनि यस्तै आशावादमा बाँचेको हुन्छ । आशावाद कति दह्रो र बलियो हुन्छ जसले क्रान्तिलाई कहिल्यै मर्न दिँदैन । आशावाद मरेपछि क्रान्ति पनि मर्छ । क्रान्ति सबैको आशामा जीवित हुन्छ । प्रचण्डको दिमागमा क्रान्तिको मृत्यु भयो । त्यो क्रान्तिका लागि 'डेथबडी' मा बदलियो तर विप्लवको दिमागमा क्रान्ति जिउँदै थियो र बलियो आशावाद थियो । त्यही आशावादले क्रान्तिलाई बचायो, जगायो र उठायो । यो आशा क्रान्तिको आगमनपछि मात्र मर्छ अर्थात् अर्को नयाँ आशामा बदलिन्छ । त्यो फेरि अर्कोमा साम्यवादी आशामा बदलिन्छ । जबसम्म वैज्ञानिक समाजवाद हाम्रो अगाडि आउँदैन, तबसम्म आशा पनि जिउँदै रहन्छ र क्रान्ति पनि जिउँदै रहनेछ ।

अन्त्यमा दाइलाई हामी सबै मिलेर बिदा गऱ्यौँ । उहाँले भाउजू, उहाँका एक मात्र छोरा-बुहारी-नातिनी, तीन छोरी र छोरीहरूबाट २ नाति-नातिना, हामी तीन भाइ, २ बहिनीलाई सदाका लागि छोडेर, टुहुरो बनाएर जानुभयो । उहाँ सधैँका लागि बिदा हुनुभयो । आदरणीय मेरो अभिभावक, हाम्रो अभिभावक, दाजुको निधनले हामी सबैलाई निकै मर्माहत बनाएको छ, दुःखी बनाएको छ । हामी उहाँप्रति लाख-लाख श्रद्धाञ्जली अर्पण गर्दछौँ । उहाँले लगाएको बाटोमा लागिरहने प्रण गर्दछौँ । दाजु, तपाईंको सम्झना हाम्रो मानसपटलमा सदासदाका लागि रहिरहनेछ । तपाईंले भन्ने गरेको प्यारो नाम धनीराज बुढामगर (धनी) तपाईंलाई नै सदाका लागि अर्पण गर्न चाहन्छु । आदरणीय ठूलादाजु, अल बिदा ७७ अल बिदा ७७७ अल बिदा ७७७७

तपाईंको प्यारो-प्यारो कान्छो भाइ
(तपाईंकै निवास घोराही १३, डुमुरगाउँ)

पृष्ठ १ बाट क्रमशः

# पुँजीवाद कि वैज्ञानिक समाजवाद ?

यसको नयाँ विकास र विकल्प जरुरी भएको निष्कर्ष दिनुले स्पष्ट गर्दछ ।

केही पुँजीवादी संसद्वादी बुद्धिजीवी, विश्लेषकहरूले वैज्ञानिक समाजवादले पनि पूर्वसोभियत सङ्घ, पूर्वीयुरोपमा पराजय बेहोरिसकेकाले यसैलाई उत्तम विकल्प मान्न सकिँदैन, यहाँ बनाउन खोजेको समाजवाद कस्तो मोडेलको हो त ? भन्ने तर्क गरिरहेका छन् ।

यस विषयमा हामी सङ्कुचित हुनुपर्ने, तर्किनु-फर्किनुपर्ने कुरा केही छैन, न त अत्तालिनुपर्ने नै छ । बीसौँ शताब्दीको मध्यसम्म अर्थात् स्टालिनको निधन नहुँदासम्म विश्वमा लहरमय बनेको वैज्ञानिक समाजवादले चोटिलो धक्का खाएको छ । तर त्यो कुनै पुँजीवादी श्रेष्ठतामा जनता फर्किएको नभई क्रान्तिकारीहरूका कमजोरी र समाजवाद तथा कम्युनिस्ट पार्टीभित्रै पैदा भएका गद्दारहरूका कारण पराजित हुनुपर्‍यो । यसले पुँजीवादीहरूलाई भन्ने ठाउँ पक्कै मिलेको छ । हुन पनि वैज्ञानिक समाजवाद रहिरहेको भए नेपालमा पुँजीवादको पक्षपोषण गर्ने लेखकहरूको त के दलाल पुँजीवादको साइनोमाइनो, ठाउँथलो उहिल्यै समाप्त भइसक्थ्यो ! यद्यपि जसरी भए पनि वैज्ञानिक समाजवादले पराजय भोगेपछि त्यसको समीक्षा हामीले गर्नैपर्छ र गरिरहेकै छौँ ।

हामीले पुँजीवादका पुजारीहरूलाई बुझाउनु पर्दछ- जति बेला वैज्ञानिक समाजवादी-साम्यवादी सिद्धान्तको अनुसन्धान र संश्लेषण गरियो त्यति बेलाको पुँजीवादको केन्द्र युरोप कसरी हल्लिएको थियो, मार्क्सलाई कसरी लखेटिएको थियो !

बीसौँ शताब्दी लाग्दानलाग्दै विश्वमा कम्युनिस्टहरूको विस्तार कति तीव्रतामा भएको थियो र रुसमा लेनिनको नेतृत्वमा वैज्ञानिक समाजवाद स्थापना भएपछि विश्व कसरी झकझकिएको थियो ! जब रुसमा समाजवादी सत्ताको निर्माण भयो त्यसले हजारौँ वर्षसम्म जकडिएर बसेका सारा आर्थिक, राजनीतिक, सांस्कृतिक शोषण, उत्पीडन, दमन, विभेदहरूलाई कसरी सफाचट पारिदिएको थियो । सायद अध्ययन गरेका सबैलाई थाहा छ- पुँजीवादी देशहरूले तीन सय वर्षमा गर्न नसकेको विकास समाजवादले दुई दशकमै गरेको थियो ।

तेस्रो अन्तर्राष्ट्र र समाजवादी आन्दोलनको लहरमा सारा विश्व खिचिन पुगेको थियो । हिटलरी पुँजीवादी फासिवादलाई समाप्त पार्नमा वैज्ञानिक समाजवादी आन्दोलनको भूमिका अग्रणी छ । अमेरिकाको अणु शक्तिद्वारा जापानलाई नष्ट पारेको बाहेक वास्तविक जनयुद्धद्वारा फासिवादलाई हराएको समाजवादकै शक्तिले हो । जब क्रान्तिको लहर पूर्वीयुरोप, चीन र हिन्दचीनसम्म पुग्यो तब विश्वक्रान्तिको प्रवाहबाट पुँजीवादीहरू हायलकायल भएर नेटो (उत्तर एट्लान्टिक सन्धि सङ्गठन), सिटो (दक्षिणपूर्वी एसिया सन्धि सङ्गठन), सेन्टो (केन्द्रीय सन्धि सङ्गठन) बनाउन पुगेका थिए ।

आजकै कुरा गरौँ न, धन र बलबाट होइन विचार र व्यवहारबाट जनताको मन जित्न कम्युनिस्टहरू नै सफल छन् । कोरोना भाइरस सङ्क्रमण (कोभिड १९) को सन्दर्भसम्म पुग्दा सत्ता चलाइरहेका क्युबा, भियतनाम, जनवादी गणतन्त्र कोरिया, चीन पुँजीवादभन्दा धेरै गुणा माथि सफल र लोकप्रिय भएको स्पष्टै छ । क्युबालाई अमेरिकी बुद्धिजीवीहरूले स्वास्थ्य महाशक्ति भनेर गरेको विश्लेषणबाट यसलाई बुझ्न कठिन छैन ।

हाम्रा नेपाली पुँजीवादी-संसद्वादी मित्रहरूले बारम्बार भन्ने गरेको सुनिन्छ- नेपालमा मात्र हो कम्युनिस्टहरू बढेको, अन्यत्र कहाँ छ ? केही विदेशी विश्लेषकले पनि टिप्पणी गरेको पाइन्छ- नेपालमा कम्युनिस्टहरू फैलिनुको कारण के हो ? हुँदाहुँदा सरकारमा पनि कम्युनिस्ट, विद्रोहमा पनि कम्युनिस्ट, के हो यो ?

यसको कुनै भयङ्कर रहस्य छैन । एउटै कारण हो वैज्ञानिक समाजवादको विचार, दृष्टिकोण र त्यसलाई पकड्ने कम्युनिस्टहरूको मेहनत । प्रस्टै छ- नेपालमा आजसम्म कसले शासन गर्‍यो ? सामन्ती, दलाल पुँजीपति वर्गले होइन ?! आज चलिरहेको व्यवस्था दलाल पुँजीपति वर्गकै त हो । अनि यहाँको समाज, जनजीवन, आर्थिक, सांस्कृतिक अवस्था जस्तो बेहाल अवस्थामा पुगेको छ, के यो सबै दलाल पुँजीवादकै कारणले होइन र !

जहाँसम्म नेपालमा बनाउने समाजवादको मोडलको तर्क छ यसबारेमा पनि हामी प्रस्ट छौँ । हामी लेनिनदेखि माओसम्म र आजका समाजवादी देशहरूका सकारात्मक एवम् नकारात्मक शिक्षाहरूलाई ग्रहण गरेर नयाँ, उन्नत मान्यता र विशेषताहरू संश्लेषण गर्दैछौँ । यो कस्तो हुनेछ भन्नेबारे हामी वैज्ञानिक समाजवादका विशेषताहरू भन्ने शीर्षकमा चर्चा गर्नेछौँ । यसले बताउँछ पात्रको परिवर्तन निकास होइन भन्ने सत्य ।

**३) नयाँ जनवादको निकास**

नेपाली समाजलाई अर्धसामन्ती र अर्धऔपनिवेशिक चरित्रको छ र यसलाई नयाँ जनवादी क्रान्तिले समाधान गर्छ भन्ने दृष्टिकोण भएका नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल) हरूले निकासको विकल्पमा नयाँ जनवादी व्यवस्था प्रस्तुत गरेका छन् ।

उनीहरूको दृष्टिकोणअनुसार नेपालमा अझै सामन्ती तथा नोकरशाही दलाल पुँजीवाद र किसान-मजदुर वर्गका बीचमा मुख्य अन्तरविरोध रहेकाले अहिले नै वैज्ञानिक समाजवादी क्रान्ति र वैज्ञानिक समाजवादी कार्यक्रम अघि सारियो भने हतार वा अवस्तुवादी हुन्छ ।

क्रान्तिकारी माओवादी र मसालको प्रतिक्रियावादी सत्तालाई बुझ्ने दृष्टिकोण आधारभूत रूपले सही र क्रान्तिकारी भए पनि प्रधान अन्तरविरोध र त्यसलाई निकास दिने क्रान्तिको धारणा पछि पर्न गएको छ । माथि नै चर्चा गरियो, जनयुद्धको बल र अनेक शक्ति समीकरणबाट राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापनापछि सत्तामा दलाल पुँजीपति वर्ग पुगेको छ । दलाल पुँजीपति वर्गले सत्ता हत्याएपछि नेपालको अर्थराजनीतिक सम्बन्धमा परिवर्तन आएको छ । उक्त परिवर्तनपछि मुख्य अन्तरविरोध दलाल पुँजीवादी सत्ता र श्रमिक जनताका बीचमा केन्द्रित भएको छ । यो अन्तरविरोधलाई नयाँ जनवादी क्रान्तिले होइन, वैज्ञानिक समाजवादी क्रान्तिले समाधान गर्छ ।

यहाँ धेरै ठूलो विवाद गर्नु छैन- जनताका लागि नयाँ जनवादी सत्ता ठीक हो वा गलत हो, विषय के मात्र हो भने प्रतिक्रियावादी सत्ता र सत्तासीन वर्गमा आएको परिवर्तनका कारण नयाँ जनवादी सत्ताको चरणमा परिवर्तन आवश्यक भइसकेको छ । वस्तुगत आवश्यकतालाई पकड्न नसक्नुको अर्थ समाज र जनताबाट अलगथलग बन्नु, हुनु हुन्छ । समाज, जनता र राजनीतिक सङ्कटलाई समाधान गर्ने नेतृत्वदायी भूमिकाबाट चुक्नु हुन्छ । वस्तु अगाडि र चेतना पछाडि पर्नु हुन्छ ।

**४) राजतन्त्रसहितको निकास**

यो सङ्कटलाई आफ्नो हितमा उपयोग गर्न चाहनेमा कम्युनिस्ट र संसद्वादीहरू मात्र छैनन्, अपितु पराजित राजतन्त्रवादी धारा पनि छ । यसले विगतका आफ्ना असफलता एवम् पराजयलाई अंशअंशमा केलाएर केही मामिलामा गल्ती गरेको निचोड मात्र निकालेको छैन, बरु दलाल पुँजीपति वर्गको निकम्मापनविरुद्ध छिड्की हानेर गुमेको स्थान पूरै नभए पनि केही हात पार्न सकिन्छ कि भनेर दाउ हेरिरहेको छ । खासगरी राष्ट्रियताको मामिलामा नागरिकहरूबाट पाउने सान्त्वनामा मनोआनन्द अनुभव गर्छ ।

राजतन्त्रवादीहरूको सोचाइ छ- लोकतन्त्रका नाममा नेपालबाट राजतन्त्र हटाउनु नै आजको सङ्कटको कारण हो । यसको निकास पनि राजतन्त्रसहितको लोकतन्त्र वा समाजवाद मात्र हुनसक्छ । त्यसैले राजतन्त्रलाई कुनै न कुनै भूमिका दिनुपर्छ । यिनीहरूको तर्कअनुसार नेपाल निर्माणको ऐतिहासिक भूमिकाका कारण देशमा एउटा साझा संरक्षक चाहिन्छ, सबैले आफ्नो अभिभावक ठान्ने शक्ति आवश्यक पर्छ, त्यो राजतन्त्र नै हो । तर राजतन्त्रभन्दा धेरै विशेषताले प्रगतिशील चरित्र भएको पुँजीवादी संसदीय व्यवस्था असफल भएर अग्रगामी विकल्प खोजिरहेको सन्दर्भमा राजतन्त्रको स्थापनाबाट निकास सोच्नु भनेको शल्यक्रिया आवश्यक भएको बिरामीलाई झारफुक गर्न खोज्नुजस्तो मात्र हो ।

**४) निकासको मार्ग र जनमतसङ्ग्रहको प्रस्ताव**

हामीले निर्धक्कसँग भन्न सकिन्छ, पुँजीवादी एवम् दलाल पुँजीवादी सत्ता सङ्कटलाई वैज्ञानिक समाजवादमा परिवर्तन वा रूपान्तरण गर्ने मार्ग दुईवटा छन् : जनताको सशस्त्र विद्रोह र शान्तिपूर्ण जनमत ।

इतिहाससिद्ध छ- वैज्ञानिक समाजवादी सत्ताको स्थापना मात्र नभई कुनै पनि नयाँ सत्ताहरू जनविद्रोह अर्थात् बल प्रयोगबिना सम्भव भएका छैनन् । चल्तीमा रहेको सत्ताको नालायकीपन छताछुल्ल भइसक्दा पनि उसले आफ्नो बचाउ र अस्तित्वका लागि अन्तिमसम्म राजनीतिक, फौजी, आर्थिक, कूटनीतिक चालहरू प्रयोग गरिरहन्छ । एकपटक दमनमा नउत्रिएसम्म वा निर्णायक रूपले नपछारिएसम्म चित्त बुझाउँदैन । त्यो पुरातन दासमालिकहरूको पतनसँग जोडिएको विषय मात्र होइन, आधुनिक सभ्यता बोकेर आएको पुँजीवादले सामन्तवादसँग विद्रोह गरेका ब्रिटेन, फ्रान्स, जर्मनी, रुस, चीन, इरानका इतिहाससँग जोडिएको विषय पनि हो । विगतको मात्र होइन, वर्तमानमा पुँजीवादसँग परिरहेको भिडन्त पनि हो ।

त्यसैगरी सत्ताभित्र पैदा भएको प्रतिद्वन्द्वी वर्ग वा शक्तिले पनि आफ्ना विचार, नीति, योजना, सङ्गठनबाट मात्र प्रतिस्पर्धा गरेर शान्त हुँदैन । अन्तिममा सङ्घर्ष, विद्रोह, क्रान्तिको मोर्चाबाट समेत प्रतिस्पर्धा गर्न तयार भइछोड्छ । दमन र विद्रोहको सिलसिला कहिलेकहीँ पुरानै सत्ताको पल्ला भारी परेर सत्ताको निरन्तरतामा पुगेर रोकिन्छ भने कहले पुरानो सत्ता भङ्ग र नयाँको गठन, पुरानोको निषेध र नयाँको जन्ममा पुगेर टुङ्गिन्छ ।

केही पुँजीवादी नेता, चिन्तक र विश्लेषकहरू कम्युनिस्टहरूलाई हिंसाको बलमा परिवर्तन गर्न चाहने शक्तिका रूपमा चित्रण गर्छन्, केही संशोधनवादी कम्युनिस्टहरू क्रान्तिकारीहरूलाई हिंसाको बाटोमा मात्र विश्वास गर्ने भनेर आरोपित गर्छन् तर उनीहरू के तथ्य बिर्सिन्छन् वा आँखा चिम्लिन्छन् भने पुँजीवादले पनि असङ्ख्य सामन्ती शासकहरूको टाउको छिनाएर, हजारौँ सामन्ती समर्थक नागरिकहरूको कत्लेआम गरेर मात्र पुँजीवादी गणतन्त्र वा पुँजीवादी व्यवस्था स्थापना गर्न सम्भव भएको थियो । आज पनि पुँजीवाद अस्तित्वमा रहिरहेको छ भने केवल विद्रोही श्रमिक जनतामाथि हरेक समय हिंसा मच्चाएर वा बल प्रयोग गरेर मात्र टिकेको छ । यही सत्य पुँजीवादका विरुद्ध श्रमिक जनताको विद्रोह र वैज्ञानिक समाजवादको स्थापनामा पनि लागू भएको हो वा हुने हो । यसो भनेर हिंसामा रमाउने वा आनन्द मान्ने भन्ने तर्क कदापि स्वीकार्य हुन सक्दैन । सत्य के हो भने वर्गशोषण, उत्पीडन र दमन कायम राखेसम्म उन्मुक्त शान्ति असम्भव छ । तर समाजको एउटा क्रान्तिकारी वर्गले आजको भन्दा उन्नत सभ्यताको खोजी जारी राख्छ । तथापि सत्तासीन वर्गले आफ्नो विद्रोह नै अन्तिम विद्रोह, आफ्नो सत्ता नै शान्तिको प्रतीक भएको दाबी गर्छ किनकि उसलाई आफ्नो शक्ति र सत्ताको रक्षा चाहिएको हुन्छ ।

तर हामीले भुल्नु नहुने अर्को पाटो समाज रूपान्तरणको शान्तिपूर्ण मार्ग पनि छ । अक्सर सत्तासीन वर्गको दमनकारी नीतिका कारण ओझेलमा पर्ने तर आन्दोलनको खासखास चरण र मोडमा स्वीकार्य बन्न आइपुग्ने वा मान्नैपर्ने शान्तिपूर्ण रूपान्तरणको मार्ग छ । यस विषयमा मार्क्स-एङ्गेल्सले ब्रिटेनका सन्दर्भमा चर्चा गर्नुभएको छ । सिद्धान्ततः लेनिन र माओले पनि स्वीकार गर्दै आउनुभएको हो ।

विशिष्ट परिस्थितिमा शान्तिपूर्ण रूपान्तरणको सम्भावना हुन्छ भन्नुको अर्थ श्रमिक जनताले सत्तासीन वर्गसँग हात पसारेर, याचना वा विलाप गरेर प्राप्त हुँदैन । अनेकौँ जनसङ्घर्षहरूको प्रभाव, दबाब एवम् राप-तापको बलमा हुने हो ।

शान्तिपूर्ण रूपान्तरणलाई सर्वस्वीकार्य बनाउन प्रयोग हुने माध्यममध्ये जनमतसङ्ग्रह एउटा राजनीतिक कार्यनीति हो । सिङ्गै राज्य सहभागी बन्नुपर्ने मुद्दा र कार्यहरूमा आमनागरिकको सहमति लिन साथै संलग्न गराउनका लागि यसलाई प्रयोग गरिएको थियो । इतिहासतः यसको पहिलो प्रयोग स्विट्जरल्यान्डमा गरिएको थियो । राष्ट्रसँग जोडिएका कैयौँ विषयमा आमजनताको मतद्वारा निर्णय लिने विधिमा जनमतसङ्ग्रहलाई त्यहाँ प्रयोग गरियो जसको परिणाम सकारात्मक आएका थिए । हालसम्म युद्ध र शान्ति, एकीकरण र स्वतन्त्रता, सत्ता र शासक, फौजदारी र देवानी मामिलाहरूमा जनमतसङ्ग्रहको प्रयोग गरिएको छ । कैयौँ अफ्रिकी देशहरूले स्वाधीनता प्राप्त गर्न यो विधिलाई प्रयोग गरेका थिए भने पूर्वसोभियत सङ्घमा मिसिँदा वा अलग हुँदा पनि यसको प्रयोग भएको थियो । राजनीतिक सङ्घर्षमा यसलाई जनवादको उच्चतम् प्रयोग मानिन्छ ।

धेरै पहिले नपुगेर बीसौँ शताब्दीका कैयौँ परिवर्तनहरू जस्तो कि भारतबाट ब्रिटेनको फिर्ती, पूर्वीयुरोपमा भएका समाजवादी सत्ताहरूको स्थापना, कास्मिरलाई भारतले जनमतसङ्ग्रहबाटै निलेको विषय, भेनेजुयेलाको निर्वाचन र चाबेज, मादुरोहरूको सफलता, क्रिमियाका जनताले जनमतसङ्ग्रहबाट रुसतिर मिल्न गरेको निर्णय, २०१९ मा ईयूबाट ब्रिटेन अलग हुनका लागि गरेको जनमतसङ्ग्रह, नेपालमै २०६४ सालमा राजतन्त्रले वक्तव्य दिएर बिदा लिएको घटनालाई लिन सकिन्छ ।

हाम्रो बुझाइ र विश्लेषणमा नेपालमा आज जनमतसङ्ग्रहको राजनीतिक कार्यनीति प्रयोग हुने वस्तुस्थिति पैदा भएको छ । यो सधैँ रहिरहन्छ वा रहँदैन ? निश्चित छैन तर अहिले छ । यसो किन भएको छ ? यसका पनि केही खास कारणहरू छन् । जस्तो कि–

पहिलो नम्बरमा ४० वर्षको प्रयोगमा संसदीय व्यवस्था जनताको गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगारी, सूचना आदि चाहनाहरू पूरा गर्न असफल भएको छ । यो जनताको असहयोगका कारणले नभएर संसदीय व्यवस्था र पछिल्लो समय दलाल पुँजीवादी सत्ताभित्र पैदा भएको आफ्नै असफलताका कारणले भएको छ । उसको परनिर्भर एवम् उत्पीडनकारी अर्थसम्बन्ध एवम् जनविरोधी राजनीतिक चिन्तनका कारणले भएको छ । यो एउटा यस्तो कारण हो जसले जनतालाई वैज्ञानिक समाजवाद वा पुँजीवादमध्ये एक रोज्न पाउने आधार तयार भएको छ । यस्तो अवस्थामा जनमतद्वारा नेपालको शासन सत्ता कस्तो हुने भन्ने फैसला शान्तिपूर्ण तरिकाले गर्न सम्भव बनेको छ ।

दोस्रो जनता परिवर्तनका पक्षमा एकमत छन् । कुनै एक वर्ग, समुदाय वा समूहका मात्र होइन, सारा नागरिकहरू यो व्यवस्था र प्रणाली असफल भयो, यसको विकल्पमा परिवर्तन चाहिन्छ भन्ने ठाउँमा पुगेका छन् । यो विरलै पैदा हुने परिस्थिति र जनमत हो । राज्यले यो जनमतलाई सहज तरिकाले आत्मसाथ गर्न तयार हुने हो भने शान्तिपूर्ण रूपले राज्यको रूपान्तरण सम्भव देखिन्छ ।

तेस्रो नेपालका प्रायः सबै पार्टीहरू समाजवाद चाहिन्छ भन्ने ठाउँमा पुगेका छन् । कस्तो समाजवाद त्यो फरक विषय छ तर समाजवाद भन्नेमा एक छन् । केही बर्ष पहिलेसम्म लोकतन्त्र सबैका लागि उच्चारण गर्नैपर्ने शब्द भएजस्तै यतिबेला नेपाली राजनीतिले समाजवादलाई सर्वस्वीकार्य बनाइदिएको छ । यसको मतलब हुन्छ आमजनता नै समाजवाद पक्षधर बन्न पुगेका छन् जसको दबाबमा राजावादी, क्षेत्रीयतावादी, संसद्वादीदेखि कम्युनिस्टहरूसम्म परेका छन् । जब सबै पार्टी समाजवाद भन्नेमा सहमत छन् भने संसद्वादबाट समाजवादतिर शान्तिपूर्ण रूपान्तरणको सम्भावना देखापरेको छ ।

चौथो नेपालमा दुईतिहाइ वरिपरि जनमत कम्युनिस्ट समर्थक अर्थात् वैज्ञानिक समाजवाद समर्थक जनताको रहेको छ । त्यसैको बलमा एमाले, माओवादी केन्द्रले चुनाव जितेका हुन् । एमाले र माओवादी केन्द्र कम्युनिस्ट जनमतको नेतृत्व गर्न चाहन्छन् वा जनमतको कदर गर्न चाहन्छन् भने पुँजीवाद वा वैज्ञानिक समाजवाद भन्नेमा जनताको फैसला लिन हिचकिचाउनु पर्दैन । जनमत पालना गर्न तयार हुँदा शान्तिपूर्ण रूपान्तरणको सम्भावना बन्छ ।

पाँचौँ, सबै पार्टीहरूले नेपालको राजनीतिक सङ्कटलाई दीर्घकालिक समाधान दिने हो भने जनमतलाई अस्वीकार गर्नुपर्ने कारण केही छैन । जनता स्वयम् आफ्नो व्यवस्थाबारे आफ्नै मतद्वारा फैसला दिन चाहन्छन् वा जनताले आफ्नै फैसलाबाट आफ्नो राजनीतिक व्यवस्था टुङ्ग्याउन चाहन्छन् भने लोकतन्त्रको पक्षपोषण गर्ने कुनै पनि शक्ति यसबाट आत्तिनुपर्ने वा यसलाई अस्वीकार गर्नुपर्ने कुनै कारण हुँदैन ।

छैटौँ, जनमतसङ्ग्रह राज्य रूपान्तरणको सामान्य विषय नभएर एउटा महत्वपूर्ण विधि हो जसले खासखास राजनीतिक मोडहरूमा राज्यलाई नयाँ आधारमा पुनःसंरचना गर्न योगदान गर्छ । जनमतलाई लोकतन्त्रको उच्चतम् अभ्यास मान्ने हो भने जनमतसङ्ग्रहद्वारा राज्यको रूपान्तरण गर्ने विधि सबैभन्दा अब्बल लोकतन्त्र मान्नुपर्छ । यसले राज्य रूपान्तरणका लागि बाध्यात्मक बलप्रयोग वा जनविद्रोहको आवश्यकतालाई शान्तिपूर्ण जनमतद्वारा पूरा गर्ने कार्यभार पूर्ति गर्छ ।

क्रमशः

# विप्लव–किरण–प्रचण्ड एकता सम्भव होला ?



अनिल शर्मा 'विरही'

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र नेकपाका महासचिव विप्लवबीचको भेटघाट र माओवादी केन्द्रको राजनीतिक ब्युरोको हालै सम्पन्न बैठकले '२१ औँ शताब्दीको समाजवाद' पारित गरेर विप्लव नेतृत्वको नेकपासँग वैचारिक निकटता प्रदर्शन गर्न खोजेपछि पूर्वमाओवादीहरूबीचको परम्परागत एकता बहस अझै उछालिएको छ । त्यसो त सबै कम्युनिस्टहरूबीचको एकताको बहस पनि चुलिइरहेको छ । भदौ २८ गते काठमाडौँ खुलामञ्चबाट क. गौरवले पार्टी एकताको प्रस्ताव सार्वजनिक गरेर एकताप्रेमी जनताको सहानुभूति लिने 'कूटनीतिक इच्छा' र क. विप्लवले त्यस विषयमा प्रतिक्रिया दिन वा जुहारी खेल्न अस्वीकार गरेपछि अनेकौँ आँकलन भइरहेका छन् । सोही विषयमा यो लेखमा चर्चा गर्ने प्रयास गरिएको छ ।

(१) एकता र वैचारिक मतभेद
(२) प्रचण्ड र विप्लव एकता
(३) विप्लव र किरणबीच एकता
(४) विप्लव र आहुतिबीच एकता
(५) विप्लव र ऋषि कट्टेलबीच एकता

## (१) वैचारिक मतभेद र पार्टी एकता

कम्युनिस्ट पार्टीको घोषणापत्र लेखनदेखि महान् बहस (सन् १९५७-१९६०) हुँदै आजसम्म पनि कम्युनिस्ट र मार्क्सवादमाथि निरन्तर हमला हुँदै आएको छ । मार्क्स, लेनिन र माओका सङ्घर्षका प्राथमिकताहरू फरक-फरक थिए र आजका प्राथमिकताहरू फरक छन् । बीसौँ शताब्दीको मध्यबाट साम्राज्यवादका पृष्ठपोषक कैयौँ चिन्तकहरूले नयाँ विचारहरू सार्वजनिक गरे जसअन्तर्गत उत्तरआधुनिकतावाद र उत्तरऔपनिवेशिक सिद्धान्त प्रमुख थिए जसले १९ औँ शताब्दीका मानवताविरोधी, तार्किकताविरोधी नित्सेवादी विचार सापटी लिएर त्यसलाई कोरीबाटी गरी मानवद्रोही विचार पुञ्ज निर्माण गरे । त्यसमा स्पेङ्गलरको प्रगतिवादविरोधी विचार, रुसी सर्वखण्डनवाद, नवकान्टवादी अज्ञेयवाद घालमेल गरिएको थियो । यसै हतियारलाई उचालेर इतिहासको अन्त्य, कविताको अन्त्य, पदार्थको अन्त्य, दर्शनको अन्त्य भन्न थाले । जापानी मूलका अमेरिकी प्राज्ञ फुकुयामा अग्रपङ्क्तिमा आए । बर्लिन पर्खाल ढलेपछि त्यो प्रदूषित हावा झनै तीव्र भयो । त्यसको लहरमा कैयौँ मार्क्सवादी चिन्तकहरू पनि सङ्क्रमित हुन थाले र मार्क्सवादमा संशोधनको माग गर्न थाले । त्यसप्रकारको चिन्तन उत्तरमार्क्सवादका रूपमा प्रकट भयो । कुनै समय उत्तरआधुनिकतावादले मार्क्सवादका आधारभूत सिद्धान्तमाथि जुन हमला गरेको थियो आज त्यो काम उत्तरमार्क्सवादले गरिरहेको छ । चिन्तक सन्नी सिंहको शब्दमा यसलाई 'रेडिकल प्याकेज' मात्र गरिएको पुरानै सामान भनिएको छ । यसको दार्शनिक आधार नित्से र हाइजेनबर्ग नै हो । नेपालमा नवमार्क्सवादको सङ्क्रमण प्रारम्भमा मनमोहन अधिकारी, मदन भण्डारी हुँदै प्रचण्ड, ओली र माधव नेपालसम्म आइपुगेको छ ।

पार्टी एकताको विषयलाई नवमार्क्सवादीहरूले सङ्गठनको विषय मात्र बनाउने गरेका छन् । तर यो मूलतः विचार र राजनीतिको विषय हो । विचार र राजनीतिको विषय नटुङ्गिएसम्म सङ्गठनमा प्रवेश गर्नु त्यस सम्बन्धमा गैरमार्क्सवादी सोचाइ हो । यो विचारधारात्मक सङ्घर्षको विषय हो जसको कारण सबै कम्युनिस्ट दाबी गर्नेहरूबीच तत्काल पार्टी एकता सम्भव छैन ।

## (२) विप्लव र प्रचण्डबीच एकता

२०५७ सालमा भएको दोस्रो राष्ट्रिय सम्मेलनले '२१ औँ शताब्दीको समाजवाद' दस्ताबेज पारित गर्‍यो । यो जसलाई, जसले, जे चाहेको हो त्यसरी नै व्याख्या गर्नसक्ने, पाउने 'मनचिन्ते झोला' उखानजस्तै थियो । जनयुद्धलाई दक्षिणपन्थी दिशामा धकेल्नका लागि पार्टीको क्रान्तिकारी पङ्क्ति बाधक थियो । साम्राज्यवाद र आन्तरिक दक्षिणपन्थको गठबन्धनमा चेन्नई, सिलगुडी, दिल्ली र पटनाका गिरफ्तारीहरू भए । वर्गसङ्घर्ष (मूलतः खारा मोर्चा) र अन्तरसङ्घर्ष (गिरफ्तारी) आफ्नो अनुकूल भएपछि प्रचण्डमा गुणात्मक स्खलनपश्चात् चुनबाङ बैठक भयो । निश्चित हिस्सा मात्र काठमाडौँ जाने, सबै चुनावमा नजाने, सेना विघटन नगर्ने विप्लवका एकपछि अर्का प्रस्तावहरू अस्वीकार गरियो । कथित शान्तिप्रक्रियाका नाममा जनयुद्धको विसर्जन गरियो । प्रतिक्रियावादी सत्ता तथा फौज प्रयोग गरेर मध्यरातमा महान् जनमुक्ति सेना कब्जा गरियो । क्रान्ति, परिवर्तन, रूपान्तरण, समृद्धिका गँजडीगफ गर्दै पुरानै सत्तामा सम्पूर्ण विलय र आत्मसमर्पण गरियो । कारिन्दाले मालिकको खटनपटन मान्नुपर्ने हुन्छ । त्यसो नगरे सिस्नोपानी खानुपर्छ र गाँसबास गुम्छ । इन्द्रजात्रा बजेट कटौती, पशुपतिनाथ भट्टप्रकरण, कटवालप्रकरण, सहिद घोषणामा असफलताले कारिन्दाको नियति भनिरहनु पर्दैन । अहिले प्रचण्ड 'मैले राम्रो गर्न खोजेकै हो तर पुरानो सत्ताले दिएन' भन्छन् । 'ए, परब्रह्मा प्रचण्ड ! हजूरलाई त्यो कुरा २०५२ सालमा थाहा थिएन ?'

आज प्रचण्ड बिहान आत्महत्या गर्न मन लाग्यो भन्छन् । दिउँसो पार्टी विघटन गर्छु भन्छन् र साँझमा विद्रोहको धम्की दिन्छन् । यसबाट बुझ्न सकिन्छ- प्रचण्डमा भयानक छट्पटी छ, अन्तरविरोधी मानसिकता छ र अस्थिरता छ । यसो भन्दा जनयुद्धको भूमिका र प्रचण्डको योगदानको न्यूनीकरण गर्नु वा जनयुद्धको नेतृत्व अरू कसैले गरेको ठान्नु पनि अवसरवाद हो ।

विप्लव नेतृत्वको नेकपासँग एकता गर्ने रणनीतिअनुसार प्रचण्डले हालै 'एक्काईसौँ शताब्दीको समाजवाद' पारित गरेका छन् । जसले जे खोज्यो त्यही फलिदिने, लागू गर्न नपर्ने, जसलाई भेटे पनि क्रान्ति गर्ने 'तपाईं र म त हो नि' भन्दै चुच्चे टोपी लगाइदिने 'प्रचण्ड स्कुलिङ' ले अब काम गर्दैन । प्रचण्डयुगको अन्त्य भइसकेको छ । दाह्री सेतै फुलेका, चप्पल लगाएका तालिबानी बुढाहरूले अमेरिकालाई लखेट्न सक्छन् भने प्रचण्डले नेतृत्व गर्न उमेरले छेक्दैन । आन्दोलनमा युवा र प्रौढ विचारले निर्धारण गर्छ । प्रचण्डले एकता चाहेका हुन् भने विप्लवको नेतृत्व र कार्यदिशामा आउनु पर्छ तर हामीलाई थाहा छ प्रचण्ड 'सेकेन्ड म्यान' भएर सोच्नै नसक्ने नेता हुन् ।

## (३) विप्लव र किरणबीच एकता

मार्क्सवादको शास्त्रीय व्याख्या र सौन्दर्यचिन्तनमा क. किरणको व्यक्तित्व उचाइमा छ । इमानदार र दृढ नेताका रूपमा कम्युनिस्ट आन्दोलनले सम्मान गरेको छ तर राजनीतिक दाउपेच बुझ्न र सङ्गठन परिचालनमा उहाँ धेरै पछाडि हुनुहुन्छ जसका कारण बादल र गुरुङको दक्षिणपन्थी यात्रालाई हामीले निरन्तर भन्दाभन्दै सुन्नुभएन । उनीहरूकै उक्साहटमा हामीमाथि अत्याचार गर्नुभयो । हामीमाथि भारतबाट परिचालित, ज्ञानेन्द्रसँग साँठगाँठ, सत्ता साझेदारी, बुद्धिहीन निश्चित सीमासम्म पनि नबसी उद्दण्ड गतिविधि गरेको आरोप लगाइयो ।

क्रान्तिकारी माओवादी र नेकपा सबैभन्दा विचारधारात्मक र भावनात्मक रूपले निकट छन् । विचार र राजनीतिमा समस्या नहुने, भावनात्मक तथा मनोविज्ञानको सम्बोधन पनि हुने गरी पार्टी एकता निष्कर्षमा पुर्‍याउन आवश्यक छ । उखानै छ 'जनावर खेद्ने पछाडिबाट, मान्छे. खेद्ने अगाडिबाट ।' रणनीतिक संयुक्त मोर्चामा रहेका सबै घटकबीच पार्टी एकता आवश्यक छ । त्यसलाई उत्प्रेरित गर्न पनि यो एकता अर्थपूर्ण हुनेछ ।

आज राजनीतिक क्षेत्रमा ओलीबाहेक कम्युनिस्ट एकता, प्रचण्डबाहेक एकता, माधव नेपालसहित एकता, रणनीतिक संयुक्त मोर्चाबीच एकता, पूर्वमाओवादीहरूबीचको एकताको चर्चा भइरहेको छ । जहाँ विचार र राजनीतिलाई ओझेलमा पारिएको छ, यस्तो समयमा कम्युनिस्ट क्रान्तिकारी विचार र त्यो विचारको रक्षा गर्नसक्ने अर्थात् विचारअनुसारको नेतृत्वको पक्षमा जनमत निर्माण गर्नुपर्छ । २०७८ असोज

# नेकपाको राष्ट्रिय प्रशिक्षण भेला : सङ्क्षिप्त चर्चा



अमर झाँक्री 'सञ्जीव'

गएको २०७८ असोज ११-१४ सम्म हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीको राष्ट्रिय प्रशिक्षण भेला चितवन जिल्लामा ऐतिहीसक रूपमा भव्यतापूर्वक सम्पन्न भएको छ। पार्टीको ऐतिहीसक आठौँ महाधिवेशनपछिको पहिलो यो स्तरका नेता/कार्यकर्ताहरूको केन्द्रीकरणले विकसित ज्ञान र व्यवहारको संयोजन गर्दै सिङ्गो पार्टीपङ्क्तिमा नयाँ क्रान्तिकारी जोस र कार्यतत्परताको रक्तसञ्चार गरेको छ। २०७७ फागुन २१ गते सरकार र हाम्रो पार्टीका बीचमा सम्पन्न ३ बुँदे सहमतिपछि गएको वैशाखमा सम्पन्न केन्द्रीय समितिको दसौँ पूर्ण बैठकले यो स्तरको केन्द्रीकरणका अतिरिक्त जनपरिचालनसम्बन्धी कैयौँ अभियानात्मक कार्यक्रमहरूको योजना निर्माण गरेको थियो । दुर्भाग्य कोरोना महामारीको दोस्रो लहरका कारण यी कार्यक्रमहरू स्थगन गर्नुपरेको थियो। हाम्रो पार्टीका विभिन्न तहमा क्रियाशील नेता/कार्यकर्ताहरू, विभिन्न मित्र पार्टी, बुद्धिजीवी-व्यापारी र आमन्यायप्रेमी श्रमिक जनसमुदायको- पार्टीले छिटो आफ्ना नीति-कार्यक्रमहरू जनतामाझ पुऱ्याउनुपर्छ भन्ने सुझाव र हाम्रो आफ्नै सचेत पहलकदमीको पृष्ठभूमिमा बन्दीपुर, तनहुँमा सम्पन्न केन्द्रीय समितिको ऐतिहासिक एघारौँ पूर्ण बैठकको निर्णयअनुसार यो केन्द्रीकरण सम्भव भएको हो । पूर्वीएसिया, मध्यपूर्व र युरोप शाखाबाहेक भारत प्रवाससहित देशभरिका जिल्ला सेक्रेटरी, विशेष समितिका सेक्रेटरी, जनसेवक, जवस/मोर्चाका केन्द्रीय अध्यक्षहरूसहित झन्डै तीन सयजना प्रशिक्षार्थी सहभागी यो राष्ट्रिय प्रशिक्षण भेलामा ११६ जना कमरेडले उच्च जनवादी वातावरणमा आआफ्नो कार्यक्षेत्र र जिम्मेवारीको रिपोर्ट राखेका थिए । आफ्नो कार्यक्षेत्रमा सम्पन्न भएका कामहरू, सीमा तथा समस्याहरू र सुझावहरू समेटेर राखिएका रिपोर्टहरू आलोचनात्मक कम्युनिस्ट चेत र निरन्तर क्रान्तिको सिद्धान्तद्वारा निर्देशित भएकाले निकै जीवन्त र उत्साहवर्द्धक रहेका थिए।

रिपोर्टको सार खिच्दै महासचिव कमरेड विप्लवले रिपोर्ट ज्ञानको केन्द्रीकरण भएकाले यसले हाम्रो ज्ञानचेतना बढाउनुका साथै एकअर्कालाई प्रशिक्षित गरेको, रिपोर्टले हाम्रो पार्टीको अवस्था मात्र नभई देशको वर्तमान परि स्थितिका तथ्यहरूलाई केन्द्रीकरण गरेको, पार्टीलाई कम्युनिस्टहरूको पार्टी बनाउदै सशक्त र प्रभावकारी बनाउनुपर्ने आवश्यकतामाथि जोड दिनुका साथै सही विचार र त्यसको सही प्रयोगद्वारा मात्र पार्टीले आफ्नो विजयलाई सुनिश्चित गर्न सम्भव हुने, पार्टी निर्माण गर्दा पुँजीवादी तथा सबैखाले अवसरवादी विचारका विरुद्ध पूर्ण रूपले हावी भएर मात्र सम्भव हुने, समाजवादी सत्तामा भएका प्रतिक्रान्तिको चर्चा गर्दै कम्युनिस्ट पार्टीले निरन्तर श्रमिक वर्ग जन्माउन नसक्दा हार बेहोर्नु परेकाले पार्टीले निरन्तर श्रमिक वर्ग जन्माउने र उनीहरूलाई कम्युनिस्ट बनाउनुपर्ने ऐतिहासिक जिम्मेवारीबारे विस्तृत व्याख्या गर्नुभयो । प्रचण्ड-बाबुरामको आत्मसमर्पणवादका विरुद्ध विचारधारात्मक सङ्घर्ष, पार्टीको पुनर्गठन र नयाँ कार्यदिशाको संश्लेषण तथा त्यसको प्रयोग, कथित प्रतिबन्ध र प्रतिरोध, तीनबुँदे सहमतिको पृष्ठभूमि र प्रयोगका साथै पार्टीका आगामी योजनाबारे विस्तृत व्याख्यासहित उच्च जनवादी वातावरणमा ऐतिहासिक र भव्यतम् रूपमा सम्पन्न भएको छ। ऐतिहासिक रूपमा सम्पन्न भएको राष्ट्रिय प्रशिक्षण भेलालाई सङ्क्षेपमा निम्नानुसार अध्ययन गर्न सकिन्छ-

### पहिलो– बृहत् जनवादको प्रयोग

हाम्रो पार्टी जनवादी केन्द्रीयताको लेनिनवादी सङ्गठनात्मक सिद्धान्तद्वारा निर्देशित रहेको पार्टी हो। यसको सार पक्ष 'छलफलमा स्वतन्त्रता र काम-कारबाहीमा एकरूपता' गर्नु हो भने रूप पक्षका दृष्टिले हरेक व्यक्ति सङ्गठनको अधीनस्थ रहने, तल्ला समितिहरू उपल्लो समितिको अधीनस्थ रहने, अल्पमत बहुमतको अधीनस्थ रहने, सम्पूर्ण पार्टी समितिहरू केन्द्रीय समितिको अधीनस्थ रहने र केन्द्रीय समिति राष्ट्रिय महाधिवेशन वा सम्मेलनको अधीनस्थ रहने भन्ने हो। जनवादी केन्द्रीयताको प्रयोग सही ढङ्गले गर्न सकिएन भने पार्टी सङ्गठन लथालिङ्ग हुन पुग्छ। जनवादको अभावमा प्रयोग हुने केन्द्रीयता नोकरशाही र केन्द्रीयताको अभावमा प्रयोग हुने जनवाद अराजक हुने भएकाले पार्टी सङ्गठनमा यसको प्रयोग सही ढङ्गले गरिनुपर्छ । जनवादी-केन्द्रीयताको प्रयोगका सर्तहरू निम्नानुसार हुनुपर्छ- क-पार्टीलाई बलियो बनाउने उद्देश्यमा आधारित हुनुपर्छ । ख- पार्टी कार्यक्रमहरूको कार्यान्वयनमा प्रभावकारिता हुनुपर्छ। ग- सबैखाले अवसरवादमाथि विजय हासिल गर्ने हुनुपर्छ । घ- जनतासँगको सम्बन्ध बलियो बनाउने हुनुपर्छ। ङ- वर्गसङ्घर्षको धारलाई अझ स्पातिलो बनाउने हुनुपर्छ । च- अन्तर्राष्ट्रिय भाइचारा तथा साम्राज्यवादविरोधी सम्बन्धलाई बलियो बनाउने हुनुपर्छ । यसका आधारहरू- पार्टीका संश्लेषण र कार्यक्रमहरूमा प्रतिबद्धता, वर्गसङ्घर्षमा समर्पण, त्याग तथा समर्पणको भावना र सिद्धान्त-व्यवहारबीचको एकरूपता हुनुपर्छ । हामीले प्रयोग गरेको बृहत् जनवाद यही सैद्धान्तिक मान्यताद्वारा निर्देशित रहेकाले यसको ऐतिहासिक महत्व रहन गएको छ।

### दोस्रो– पार्टीको अवस्थाबारे तथ्यपरक जानकारी

हाम्रो पार्टीका विरुद्ध केपी ओली नेतृत्वको सरकारले कथित प्रतिबन्ध लगाएपछिको प्रतिकूल राष्ट्रिय परिवेशका कारण जिल्ला पार्टीहरू, विशेष पार्टी समितिहरू, जवस/मोर्चा तथा भारत प्रवासलगायत पार्टी समितिहरूले प्रत्यक्ष रूपमा नेतृत्वसमक्ष रिपोर्ट राख्ने वातावरण बनेको थिएन । अप्रत्यक्ष रिपोर्ट प्रणाली अर्थात् सम्बन्धित च्यानलमार्फत रिपोर्टहरू केन्द्रीय कार्यालयमा आउने प्रक्रिया नियमित नै थियो। यो हाम्रो पार्टीको रिपोर्टिङ प्रणालीको आमनियम पनि हो तर त्यसमाथि मात्र भरपर्दा कैयौँ महत्वपूर्ण विषयहरू अस्पष्ट हुन पुग्छन् र औपचारिकतामा मात्र सीमित हुन पुग्छन् । त्यसले केन्द्रीय रूपमा योजना निर्माण र कार्यान्वयनमा पनि एकरूपताको समस्या पैदा हुनपुग्छ । त्यसैले पार्टी आन्दोलनका खासखास बेलामा यसप्रकारका केन्द्रीकरणहरू आवश्यक पर्छ जसले नेतृत्वलाई पार्टीको आत्मगत अवस्था र वस्तुगत अवस्थाको वास्तविकतालाई गहिरो गरी बुझ्न र योजना निर्माण गर्न मद्दत गर्न सकोस् । त्यसका साथै पार्टीको समग्र अवस्था, त्यहाँ विद्यमान र विकसित भइरहेका अन्तरविरोधहरू, सीमा तथा समस्याहरूका बारेमा मुख्य नेतृत्वले प्रत्यक्ष रूपमा बुझ्ने र नेतृत्वद्वारा विकास गरिएका योजनाहरूको मूल अन्तरवस्तुलाई पार्टीका आम नेता/कार्यकर्ताहरूले एकरूपतामा बुझ्न र लागू गर्न सहजता पैदा गर्दछ। यो राष्ट्रिय प्रशिक्षण भेलाले विकसित योजना, त्यसप्रतिको बुझाइ र कार्यान्वयनलाई एकीकृत रूपमा बुझ्न र प्रयोग गर्नका लागि मार्गप्रशस्त गर्न सफल भएको छ।

### तेस्रो– पार्टी योजनाबारेको बुझाइमा स्पष्टता र एकरूपता

यो केन्द्रीकरणले पार्टीको केन्द्रीय समितिद्वारा निर्माण गरिएको योजनालाई स्पष्ट रूपमा बुझ्न र कार्यान्वयनमा एकरूपता ल्याउन यो प्रशिक्षण भेलाले मद्दत गरेको छ। हुनत हाम्रो पार्टी केन्द्रीय समितिका हरेक बैठकहरू ऐतिहासिक र दूरगामी महत्वका रहेका छन् । त्यसमा पनि बन्दीपुर, तनहुँमा सम्पन्न केन्द्रीय समितिको एघारौँ पूर्ण बैठक हाम्रो पार्टी जीवनमा विशेष महत्वको रहन गएको छ । झन्डै साढे तीन दर्जन वैकल्पिक केन्द्रीय सदस्यहरूसहित एकाधबाहेक शतप्रतिशत केन्द्रीय समितिका सदस्यहरूको उपस्थिति, केही ऐतिहासिक महत्वका केन्द्रीकरण र जनपरिचालनका निर्णयहरू, नवौँ महाधिवेशनका लागि राजनीतिक-वैचारिक बहसको ढोका खोल्दै सम्पन्न भएका बैठकका निर्णयहरूलाई बुझाउने र बुझ्ने कुरा निकै महत्वपूर्ण छ। देशभित्र र बाहिर, पार्टी र जवस/मोर्चा, उपल्लो पार्टी समिति र तल्ला समितिहरूले सापेक्षित रूपमा एउटै बुझाइ र स्पष्टताले मात्र पार्टी योजनाको कार्यान्वयन प्रभावकारी हुनसक्छ। केन्द्रीय योजनाको बुझाइमा पैदा हुने अनेकताले त्यसको प्रयोगमा ठूलो अन्तर पैदा गर्दछ । कम्युनिस्ट पार्टीले आफ्नो लक्ष्य-उद्देश्य त्यतिबेला मात्र प्राप्त गर्दछ जतिखेर सिङ्गो पार्टी समितिहरू एउटै स्वर, कदम र चालमा व्यक्त हुन सक्छन् । यो राष्ट्रिय प्रशिक्षण भेलाले सिङ्गो पार्टीलाई एउटै स्वर, कदम र चालमा व्यक्त हुनका लागि मार्गप्रसस्त गर्न मूलभूत रूपमा सफल भएको छ।

### चौथो– उत्साहको नयाँ रक्तसञ्चार

यो राष्ट्रिय प्रशिक्षण भेला सिङ्गो पार्टीमा उत्साहको नयाँ रक्तसञ्चार प्रवाह गर्न सफल भएको छ। एउटा क्रान्तिकारी पार्टीमा विकसित परिस्थितिको सापेक्षतामा निर्माण गरिने हरेक योजनाहरूले उत्साहको नयाँ रक्तसञ्चार प्रवाह गर्नुपर्छ । त्यसले मात्र पार्टीका लक्ष्यहरू प्राप्त गर्न आधार तयार गर्दछ । उत्साहको नयाँ रक्तसञ्चार त्यतिबेला मात्र पैदा हुन्छ जब योजनाको वैज्ञानिकता एवम् वस्तुवादिता, त्यसको बुझाइ र प्रयोगमा एकरूपता आउँछ, तब त्यसले हरेक नेता/कार्यकर्तामा सङ्कल्प र प्रतिबद्धताको विकास गर्न पुग्छ । हाम्रो पार्टीले नेपालको विद्यमान सङ्कटको समाधान संसदीय व्यावस्थाद्वारा होइन, वैज्ञानिक समाजवादद्वारा मात्र हुने कुरा गर्दै आइरहेको छ । यो आजको विषय नभई संविधानको घोषणा, तीन तहको निर्वाचनलाई खारेज अभियानसहित राष्ट्रिय स्तरमा सङ्घर्ष र बहस सिर्जना गर्दै आएको छ। पार्टी पुनर्गठनदेखि कथित प्रतिबन्धको पूर्वअवस्थासम्म राजनीतिक रूपले जनतालाई जागृत गर्ने र जनसङ्घर्षको सञ्चालन, कथित प्रतिबन्धपछि राजनीतिक रूपले राज्यसत्ताको भण्डाफोर र फौजी रूपले प्रतिरोध गर्ने कार्यनीतिक शृङ्खलामार्फत हाम्रो पार्टीले नेपाली समाजको रूपान्तरण अभियानलाई निरन्तरता दिइरह्यो।

सरकार र हाम्रो पार्टीका बीचमा सम्पन्न तीनबुँदे सहमतिपछि हाम्रो पार्टीद्वारा अगाडि सारिएको प्रगतिशील संयुक्त सरकार-जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादको कार्यनीतिक शृङ्खलाअन्तर्गत तय गरिएका कार्यक्रमहरूलाई आमजनता, मित्र पार्टी, बुद्धिजीवी-व्यापारी, सुरक्षाकर्मीसम्म पुऱ्याउने पार्टी कार्यनीतिको सम्प्रेषणले राष्ट्रिय प्रशिक्षण भेलामा सहभागी नेता/कार्यकर्ताहरूमा नयाँ क्रान्तिकारी जोस र कार्यतत्परताको रक्तसञ्चार गर्न सफल भएको छ।

### पाँचौँ– जनमतसङ्ग्रहको कार्यनीतिलाई आमजनताको तहसम्म पुऱ्याउने

हाम्रो पार्टीले यतिखेर जनमतसङ्ग्रहको कार्यनीतिक नारालाई अगाडि सारेको छ । नेपाल राष्ट्र र नेपाली जनताका विद्यमान समस्याहरू वर्तमान संसदीय व्यवस्थाबाट किमार्थ सम्भव छैन । त्यसको एक मात्र विकल्प भनेको वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्नु हो । त्यसका मुख्यतः दुईवटा बाटाहरू रहेका छन् । पहिलो- सशस्त्र बलद्वारा, दोस्रो- जनमतद्वारा। हुनत पहिलो बाटोमा पनि जनमत नै व्यक्त हन्छ । किनकि राजनीतिक परिवर्तन आमजनताको सहभागितामा मात्र सम्भव रहन्छ। जनताको सहभागिताबिना गरिने राजनीतिक परिवर्तनको नारा केवल रोमान्स (रोमान्टिज्म) मात्र हुने गर्दछ। जहाँसम्म दोस्रो बाटो छ यो पनि आमजनताको सहभागिता र सक्रियतामा निर्भर रहन्छ। संसारभरका साम्राज्यवादी तथा पुँजीवादीहरूले कम्युनिस्टहरूलाई लगाउने आरोप भनेको कम्युनिस्टहरू हिंसाप्रिय हुन्छन्। उनीहरू केवल बम र बन्दुकको कुरा गर्छन्। यो कुरा सरासर झूट्टो छ। पेरिस कम्युनका कम्युनार्डहरूले पितृभूमिको रक्षाको माग गरेका थिए, के त्यो नारा सम्बोधन गर्न तत्कालीन थियर शासक वर्ग तयार भयो त ? लेनिनको नेतृत्वमा रहेको कम्युनिस्ट पार्टीले रुसमा शान्ति, रोटी र जमिनको माग गरेको थियो । के त्यो माग पूरा गर्न तत्कालीन रुसी जारशाह तयार भयो त ? चीनमा माओले जापानी साम्राज्यवादका विरुद्ध लड्न र जनतालाई अधिकार दिने माग गर्दा तत्कालीन च्याङ्काइसेक तयार भयो त ? के नेपालमा जनयुद्ध थालनीको पूर्वसन्ध्यामा पेस गरिएको ४० बुँदे माग पूरा गर्न तत्कालीन देउवा सरकार तयार भयो त ? अहँ, शासक वर्गहरू इतिहासदेखि वर्तमानसम्म जहाँ र जहिले पनि जनताको शान्तिपूर्ण आवाजलाई सुन्न तयार भएनन् र हुँदैनन्। जब शान्तिपूर्ण जनताको आवाजलाई शासकहरू जबर्जस्ती निषेध गर्छन्, तब जनता सशस्त्र प्रतिरोध/बल प्रयोगको बाटोमा जान बाध्य हुन्छन् र त्यसको नेतृत्व कम्युनिस्ट पार्टीले गर्ने गरेको छ। यसले के कुरालाई पुष्टि गर्छ भने वास्तवमा हिंसाप्रिय त कम्युनिस्ट होइनन्, बरु पुँजीवादीहरू नै हुन् । साँचो कुरा के हो भन् उनीहरूको हिंसा र उत्पीडनबाट मुक्त हुन् र स्थायी शान्तिका लागि कम्युनिस्ट पार्टीले संसारभर जनपक्षीय सशस्त्र युद्धको नेतृत्व गरेका छन्।

हाम्रो पार्टीको पुनर्गठनपछि हामीले वर्तमान संविधान जनपक्षीय छैन भन्यौँ । हाम्रो कुरा कसैले सुनेन । जब हामीले राज्यका जनविरोधी नीतिका विरुद्ध सङ्घर्ष गर्न जनतालाई अपिल गर्‍यौँ तब हामीमाथि प्रतिबन्ध थोपरियो यो त दिनको घामजस्तै छर्लङ्ग छैन र के यो वास्तविकतालाई कुनै ढङ्गले विषयान्तर गर्न सकिन्छ- सकिँदैन । हामीले अहिले जनमतसङ्ग्रहको प्रस्ताव गरेका छौँ । यसको सारतत्व भनेको व्यक्तिका लागि निर्वाचन गर्नु नभई व्यवस्थाका पक्षमा जनतालाई फैसला गर्न दिनु हो। के वर्तमान संसदीय दलका नेता तथा शासकहरू यसका लागि तयार छन्, यसप्रकारको शान्तिपूर्ण र प्रजातान्त्रिक अभ्यासमा पनि उनीहरू तयार भएनन् भने जनताले कुन बाटो रोज्ने, यो भविष्यको गर्भभित्र रहेको छ । हामी खुला दिलले, खुला बहस अगाडि बढाइरहेका छौँ । आमनेपाली जनतालाई आफ्नो भाग्य र भविष्यको फैसला गर्ने अधिकार जनतालाई दिनु एउटा उच्चतम् प्रजातान्त्रिक विधि र प्रक्रिया हो। हाम्रो पार्टीद्वारा अगाडि सारिएको जनमतसङ्ग्रहको नारा र प्रस्तावलाई आमजनवर्गमा पुऱ्याउन सिङ्गो पार्टीले जोडदार बल लगाउनुपर्छ। यो राष्ट्रिय बहसमा सिङ्गो पार्टी एकीकृत र केन्द्रित बन्न सक्नु यो राष्ट्रिय प्रशिक्षण भेलाको ऐतिहासिक महत्व रहन गएको छ।

हामीले नेपाली कम्युनिस्ट आन्दोलनमा देखापरेका आत्मसमर्पणवाद र विसर्जनवादका विरुद्ध विचारधारात्मक सङ्घर्ष र दलाल संसदीय व्यवस्थाका विरुद्ध वर्गसङ्घर्ष सञ्चालन गर्दै आएका छौँ । हाम्रो पार्टीको के प्रतिबद्धता रहेको छ भने जनताको अन्तिम विजय नहुन्जेल यो प्रक्रिया निरन्तर चलिरहनेछ । हाम्रो पार्टीले अगाडि सारेको कार्यनीतिबारे विभिन्न कोणहरूबाट टिप्पणीहरू पनि सतहमा आइरहेका छन्। कतै यो पार्टी पनि नेपालको राजनीतिक आन्दोलनको इतिहासमा झैँ राज्यसत्तासामु आत्मसमर्पण गर्ने त होइन भन्ने चिन्ता र जिज्ञासाहरू पनि देखिएका छन् यसप्रकारको चिन्तामिश्रित बुझाइलाई पार्टीको विचार र हाम्रो व्यवहारद्वारा स्पष्ट गर्दै जानुपर्छ। अर्कोतर्फ जनतालाई योजनाबद्ध रूपले भ्रममा पार्न अब नेकपा पनि राष्ट्रिय राजनीतिको मूल धारमा समावेश भयो भन्ने प्रचार पनि चलाइएको छ, त्यसप्रकारका गलत विचारका विरुद्ध विचारधारात्मक सङ्घर्ष गर्दै हल गर्नुपर्छ। आफूलाई नेपालमा नयाँ जनवादी क्रान्तिका पक्षधर बताउने केही कम्युनिस्ट पार्टीहरू जो अत्यन्त रूढिवादी रोगले ग्रसित छन्, उनीहरूले पनि हाम्रो पार्टीको पछिल्लो कार्यनीतिबारे विभिन्न भ्रम र आशङ्का उत्पन्न गरिरहेका छन् त्यसप्रकारका भ्रम र आशङ्काहरूलाई पनि हामीले जिम्मेवारीपूर्वक छलफल र आमजनतालाई स्पष्ट गरेर हल गर्नुपर्छ।

आज देशको वर्तमान संसदीय व्यवस्थाका कारण उत्पन्न अवस्थाबाट कोही पनि नेपाली नागरिक सन्तुष्ट छैनन्। यो अवस्थाबाट नेपाल राष्ट्र र नेपाली जनतालाई मुक्त गर्न हाम्रो पार्टीका सामु ऐतिहासिक जिम्मेवारीहरू उपस्थित भएका छन्। ती ऐतिहासीक जिम्मेवारीहरू पूरा गर्न वैज्ञानिक विचार, वस्तुवादी योजनाको जगमा सिङ्गो पार्टी सङ्गठनको बुझाइलाइ एकताबद्धताका साथ कार्यान्वयन गरेर मात्र सम्भव छ। यो ऐतिहासिक र दूरगामी महत्वको राजनीतिक सङ्कल्प पूरा गर्ने कुरामा राष्ट्रिय प्रशिक्षण भेला सफल भएको छ । राष्ट्रिय प्रशिक्षण भेला-जिन्दावाद ! एकीकृत जनक्रान्ति- जिन्दावाद ‼

## युवा संगठनले ....

सरकारी कार्यालयहरूले अनिवार्य रूपमा नयाँ नक्सा राख्नुपर्ने माग गरेको छ । जिल्लाका अधिकांश सरकारी कार्यालयमै नयाँ नक्सा नभएको युवा सङ्गठनले जनाएको छ।

## फेरि जनतामा ....

नेकपा दाङको बैठकमा प्रमुख अतिथिका रुपमा प्रशिक्षण दिँदै सचिवालय सदस्य सुदर्शनले भने, 'केपी ओली नेतृत्वको सरकार र हाम्रो पार्टीबीच भएको तीनबुँदे सहमति कार्यान्वयनका लागि सरकार इमानदार भएन। हामी अदालतको आदेशमा छुट्यौँ।'

नेता सुदर्शनले निजी सम्पत्तिको अन्त्य गरी सामूहिक सम्पत्तिको विकास गर्दै वैज्ञानिक समाजवादको अनवरत यात्रामा अविचलित भएर लाग्न पार्टीका नेत-कार्यकर्तालाई आह्वान गरे। उनले वैज्ञानिक समाजवाद साम्यवादको प्रारम्भिक रूप भएको पनि बताए। पार्टीले नेपालमा देखिएका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत विविध समस्याको समाधानको विकल्पका रूपमा जनमतसङ्ग्रहको एजेन्डा अघि सारेको सुदर्शनले बताए। सुदर्शनले पुँजीवादी संसदीय व्यवस्था वा वैज्ञानिक समाजवाद भन्ने विषयमा जनतालाई व्यवस्था चुन्ने अधिकारको माग गर्दा आफूहरूमाथि सच्चा लोकतन्त्रवादी भन्न रुचाउनेहरूले अनेक भ्रम छेरकाले जनतालाई सचेत रहन अपिल गरेका थिए । लोकतन्त्रको उच्चतम् रूप जनमत भएकाले व्यवस्था चुन्ने अधिकार जनतालाई दिनुपर्ने नेता सुदर्शनले बताए।

## जनसांस्कृतिक महासङ्घ ....

विभिन्न स्थानमा कविगोष्ठी र वैचारिक छलफलहरू आयोजना गर्ने निर्णय पनि गरेको छ।

बैठकमा प्रमुख अतिथि महासचिव विप्लवले एकीकृत जाक्रान्तिमा मार्क्सवादी संस्कृतिकर्मीहरूको भूमिकाका बारेमा प्रशिक्षण दिएका थिए। त्यसैगरी महासङ्घका अध्यक्षसमेत रहेका पार्टी केन्द्रीय सदस्य माइला लामाले एकीकृत जनक्रान्तिमा पार्टीमा आबद्ध संस्कृतिकर्मीहरूको महत्वपूर्ण भूमिका रहने धारणा राखे।

बैठकमा महासङ्घकी उपाध्यक्ष शोभा दुलाल, महासचिव खेम थपलिया, सचिव अशोक सवेदी, कुशल बोगटी, सरल माझी, कोषाध्यक्ष आरोह नेपाली, कार्यालय सदस्यहरू अग्निराज पौडेल 'अराप', ढुण्डीराज अधिकारी, विवेक सापकोटा, केन्द्रीय सदस्यहरू लक्ष्मण पाखिन, विकिल स्थापित, मुक्तान थेवा, हिमाल, नवराज, कविता, प्रस्तुति, प्रतिबद्ध, हेमराजलगायतले आआफ्नो क्षेत्रको रिपोर्टिङ गर्नुका साथै सांस्कृतिक आन्दोलन अघि बढाउने विषयमा मौलिक सुझावहरू दिएका थिए।

# नेकपा दाङद्वारा सहमति कार्यान्वयन माग गर्दै धर्ना र कोणसभा

**दाङ** । नेपाल कम्युनिस्ट पार्टीले राज्यसँग गरेको ३ बुंदे सहमति कार्यान्वयनका लागि देशभर आन्दोलनका कार्यक्रमअन्तर्गत असोज १८ गते देशभरका जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना र कोणसभा सम्पन्न गरेको छ।

नेकपा दाङले पनि ३ बुँदे सहमति कार्यान्वयन गर, सम्पूर्ण राजबन्दी रिहाइ गर र सम्पूर्ण मुद्दा खारेज गर लेखिएको ब्यानरसहित जिल्ला प्रशासन कार्यालयअगाडि आधा घन्टा धर्ना दिएपछि कोणसभा सम्पन्न गरेको हो । कोणसभामा सम्बोधन गर्दै नेकपा दाङ जिल्ला कार्यालय सदस्य किरणले राज्यसँग सहमति भएको लामो समय बितिसक्दा पनि सहमतिलाई कार्यान्वयन गर्ने दिशातिर गम्भीर नबनेको भन्दै कडा आपत्ति प्रकट गरे। उनले भने, 'केपी सरकार इमानदार भएन, देउवा पनि इमानदार नबने हामी घेरा तोड्छौँ।' यो सहमति एउटा ऐतिहासिक सहमति रहेको र राज्य इमानदार नभएमा पार्टी जनतामा गएर विद्रोह गर्ने नेता किरणको भनाइ थियो।

# नेकपा अछामले दियो धर्ना

**अछाम** । नेपाल कम्युनिस्ट पार्टी अछामले जिल्ला प्रशासन कार्यालय अछाममा सरकार र नेकपाबीच गते भएको ३ बुंदे सहमति कार्यान्वयन गर्न माग गर्दै धर्ना दिएको छ । तीनबुंदे सहमति कार्यान्वयन गर, झूट्टा मुद्दा खारेज गर, राजबन्दीहरू रिहा गर, प्रगतिशील संयुक्त सरकार गठन गर, जनतालाई जनमतसङ्ग्रहको अधिकार प्रदान गरलगायत माग लेखिएको ब्यानरसहित उपस्थित नेकपाका नेता-कार्यकर्ताले प्रशासन कार्यालयमा धर्ना दिएका हुन्।

सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच तीनबुँदे सहमति भएको ८ महिना हुँदा पनि सरकारले प्रतिबन्ध फुकुवाबाहेक अन्य कुनै बुँदा कार्यान्वयन गरेको छैन । विद्रोही पक्षसँग भएको सहमति कार्यान्वनमा सरकार उदासीन देखिएकाले देशमा पुनः विद्रोह हुने खतरा उत्पन्न भएको छ। यस विषयमा सरकार गम्भिर भएर कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

# नेकपाद्वारा भक्तपुर जिल्ला प्रशासनअगाडि धर्ना

**भक्तपुर** । नेपाल कम्युनिस्ट पार्टी भक्तपुरले सहमति कार्यान्वयन र पार्टीका नेता-कार्यकर्ताहरूको रिहाइको माग गर्दै जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना दिएको छ । नेकपा भक्तपुर सेक्रेटरी विजय सिंहको नेतृत्वमा आयोजित धर्ना कोणसभामा परिणत भएको थियो । कोणसभामा सम्बोधन गर्दै भक्तपुर जिल्ला पूर्वसेक्रेटरी तथा नेकपाका युवा नेता सुमनले न्यायका पक्षमा बोल्दै गर्दा कथित प्रतिबन्ध लगाई फरक विचार र आस्था राखेको आधारमा गिरफ्तार गरी झूट्टा मुद्दा लगाइएका पार्टीका राजबन्दीहरूलाई रिहा गरी ३ बुँदे सहमति पालना गर्ने माग गरे । आफ्नो पार्टी जनमतदेखि कहिल्यै नभागेको र जनताको मतका लागि जनमतसङ्ग्रहमा जान तयार रहेको उनले बताए। एमसीसीका बारेमा बोल्दै उनले राष्ट्रको अहितमा रहेका कुनै पनि सन्धिसम्झौता पारित गर्न नदिने चेतावनीसमेत दिए।

# क्रान्तिकारी विद्यार्थी आन्दोलनका नयाँ कार्यभार



पूर्णबहादुर सिंह

**पृष्ठिका**

यसमा वर्तमान अवस्थालाई कसरी बुझ्ने र बदल्ने, दलाल पुँजीवादी शिक्षाप्रणालीको अन्त्य किन र कसरी गर्ने र वैज्ञानिक समाजवादी शिक्षाको अवधारणा, आधार, अन्तरवस्तु, उद्देश्य र विशेषताहरू सङ्क्षिप्त रूपमा उल्लेख गरिनुका साथै क्रान्तिकारी विद्यार्थी आन्दोलन एवम् युवा-विद्यार्थीका निम्नकार्यभारहरूका बारेमा आलेख्य ठानिएको छ :

**(क) वर्तमानलाई बुझ्ने र बदल्ने**

राणाशासन फालेर जनतन्त्र ल्याउने, पञ्चायत र राजतन्त्र फालेर जनगणतन्त्र स्थापना गर्ने आमूल परिवर्तनको जनअपेक्षा अधुरै छ । धोका, धोका फेरि पनि धोकाबाहेक केही भएन । आज दलाल पुँजीवादी संसदीय व्यवस्था बदनाम एवम् पूर्णतः असफल भएको छ । संसद्वादीहरू बदनामीलाई धोइपखाली र असफलतालाई ढाकछोप गर्ने धृष्टता गरिरहेका छन् । यो व्यवस्था र आफ्नो सङ्कटलाई देश र जनताको बनाउन खोजिरहेका छन् । व्यवस्थाको असफलता, संसद्वादी पार्टीहरूको तेजोभङ्ग र व्यक्तिहरूको अक्षमता पुष्टि भइसकेको छ । आमजनताले पटकपटक व्यक्ति र पार्टीलाई निर्वाचित गरेकै हुन् । कुराजस्तो काम हुन सकेन । नारा र व्यवहारमा ठूलो खाडल देखियो । तसर्थ यो व्यवस्था, पार्टी र व्यक्तिलाई आज आमजनताले छिःछिः र दूरदूर गरिरहेका छन् । आजको जनचाहना, जनअपेक्षा र जनविकल्प अर्थात् जनमत भनेकै वैज्ञानिक समाजवाद हो । आफूलाई प्रजातन्त्र, लोकतन्त्र र जनवादको हिमायती ठान्ने र समाजवादको पुलिन्दा बाँड्ने संसद्वादी व्यक्ति वा पार्टीहरू नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक कार्यनीति जनमतसङ्ग्रहबाट किन भयभीत हुने ? दलाल पुँजीवादी संसदीय व्यवस्था सङ्कटग्रस्त मात्र होइन, विघटन भइसकेको छ । वैज्ञानिक समाजवादमा मात्र हाम्रो मुलुक र आमजनताको उज्ज्वल भविष्य र सुन्दर जीवन छ । पुरानै व्यवस्था र प्रणालीमा एउटा पार्टीको स्थानमा अर्को पार्टी र एउटा व्यक्तिको पदमा अर्को व्यक्ति हेरफेर गर्ने होइन । दुनियाँमा पुँजीवादी संसदीय व्यवस्था बदनाम र असफल व्यवस्था र प्रणाली हो । यसमा कुनै पार्टी एवम् व्यक्ति सफल हुन असम्भव छ । दलाल पुँजीवादी संसदीय व्यवस्था र प्रणालीमा संसद्मा गएर सत्ताको बागडोर हातमा लिने, जनतालाई दमन, शोषण र उत्पीडन गर्नेभन्दा अरू केही गर्ने र हुन सक्दैन । इतिहासमा पटक-पटकको चुनावमा आम जनताले मतदान गरेर पार्टी र व्यक्ति चुने तर भयो के ? दलाल पुँजीवादी संसदीय व्यवस्था चरम भ्रष्टाचार, कमिसन, महँगी, बेरोजगारी, कालोबजारी, चर्को कर, राष्ट्रघात, जनघात, जनविरोधी हर्कतमा बदनाम छ । त्यसले जनजीवन आक्रान्त पारेको छ । 'गधालाई जुनसुकै साबुनले नुहाए पनि त्यो गाईमा रूपान्तरण हुन सक्दैन' भन्ने वास्तविकता पुष्टि भएको छ । दलाल पुँजीवादी संसदीय व्यवस्था, अमूक पार्टी र व्यक्ति जनमत एवम् जनविकल्प होइन । वैज्ञानिक समाजवाद नै अद्वितीय विकल्प र सम्पूर्ण समाधान हो ।

**(ख) इतिहास र आन्दोलनको सही समीक्षा गर्ने**

क्रान्तिकारी विद्यार्थी आन्दोलन क्रान्तिका बाधक प्रतिक्रियावादी शक्ति र गलत प्रवृत्तिका विरुद्ध सङ्घर्षको आँधीबेहरीमा सङ्गठित भएको हो । सङ्घर्ष, बलिदान र विजयको गौरवपूर्ण गाथाले भरिएको इतिहास, सम्भावनायुक्त वर्तमान र उज्ज्वल भविष्य क्रान्तिकारी विद्यार्थी आन्दोलनको यथार्थ हो । प्रतिक्रियावादी सत्ता र शिक्षाका विरुद्ध विद्यार्थी र आमजनतामा जागरण पैदा गर्दै सशक्त प्रतिरोध सङ्घर्षमा आफूलाई सहभागी गराइरहेको छ । आमविद्यार्थीको शैक्षिक हकहित र अधिकारको ग्यारेन्टीका बाबजुद राष्ट्रियता, जनतन्त्र र जनजीविकाको संवर्द्धनको त्रिआयामसँग यो सधैँ जोडिएको छ । प्रत्येक सङ्घर्ष, आन्दोलन र क्रान्तिमा यो पहिलो पहलकर्ता एवम् अग्रदस्ता शैक्षिक-राजनीतिक विशेषतासहितको क्रान्तिकारी विद्यार्थी आन्दोलन हो । सामाजिक वर्गसङ्घर्ष, राजनीतिक आन्दोलन र मुलुकको शैक्षिक अवस्थाले विद्यार्थी आन्दोलनलाई स्वाभाविक रूपले प्रभावित गरिरहेको छ । क्रान्तिकारी विद्यार्थी आन्दोलन विचार, दृष्टिकोण र राजनीतिक रूपले वर्गीय छ । विचार, राजनीति, सङ्गठन र सङ्घर्षका दृष्टिले सकारात्मक र नकारात्मक प्रवृत्ति, पात्र र घटनाहरूको समग्र प्रतिबिम्बन क्रान्तिकारी विद्यार्थी आन्दोलनमा पनि भइरहन्छ । यो इतिहासको सिंहावलोकन र मूल्याङ्कन बुर्जुवा आदर्शवादी दृष्टिकोण, आधिभौतिक, अधिभूत चेतना, कुनै आग्रह र पूर्वाग्रहबाट होइन; द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणले गरिनुपर्छ । प्रतिक्रियावादी, संशोधनवादी र अवसरवादी धारका विरुद्ध निरन्तर विद्रोह, अग्रगामी र क्रान्तिकारी धारको पक्षपोषण तथा नेतृत्व गर्नु नै क्रान्तिकारी विद्यार्थी आन्दोलनको प्रधान विशेषता रहेको छ । सबै प्रकारका अवसरवाद, नवसंशोधनवाद, प्रतिक्रियावाद र दलाल पुँजीवादमाथि विजय हासिल गर्न क्रान्तिकारी ध्रुवीकरणलाई अझै तेज पारी अन्तिम विजयलाई अवश्यम्भावी र सुनिश्चित गर्न मालेमावादको सर्वोत्कृष्ट विचारद्वारा इतिहासको विश्लेषण र संश्लेषण गर्नुपर्छ । पहिलो राणाशासनको तख्ता पल्टाएर जनतन्त्रको बीजरोपण गर्ने सङ्घर्षमा गङ्गालाल श्रेष्ठ, दोस्रो राष्ट्रियताका पक्षमा ज्यानको बाजी लगाउने चिनियाँकाजी र तेस्रो महान् जनयुद्ध एवम् एकीकृत जनक्रान्तिमा मृत्युञ्जयी महान् सहिदहरूको सङ्घर्ष र बलिदानबाट क्रान्तिकारी विद्यार्थी आन्दोलनले प्रेरणा लिएर अघि बढ्न जरुरी छ ।

क्रान्तिकारी विद्यार्थी आन्दोलनको इतिहास समग्र विचार, राजनीति, दृष्टिकोण र वर्गीय पक्षधरताका आधारमा एकता, सङ्घर्ष, रूपान्तरण मात्र होइन; विभाजन र ध्रुवीकरणको आरोह-अवरोह तथा उतार-चढावबाट अघि बढिरहेको छ । यो आन्दोलन शैक्षिक हकहित र अधिकारको पेसागत तथा प्रतिक्रियावादी सत्तालिप्साको चक्रब्यूहमा कहिल्यै सीमित भएन । यसले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको संवर्द्धन गर्ने अहोरात्र खबरदारी एवम् पहरेदारी गरिरहेको छ । प्रतिक्रियावादी, अवसरवादी र नवसंशोधनवादी चिन्तन-प्रवृत्तिसँग सम्झौताहीन सङ्घर्षमा विजय हासिल गरेर अघि बढिरहेको छ । दलाल पुँजीवादी सत्ता र शिक्षाप्रणालीलाई अर्जुनदृष्टिका साथ राजनीतिक सत्तामा समग्र रूपान्तरण र शिक्षामा आमूल परिवर्तनको मूल दिशा यसले कहिल्यै छाडेको छैन । तसर्थ, यो आन्दोलनको मूल चरित्र पनि राजनीतिक रहेको छ । समग्र वर्गसङ्घर्ष र अन्तरसङ्घर्षका हरेक अग्निपरीक्षा एवम् मोर्चामा विद्यार्थी आन्दोलन सही र गलत, क्रान्तिकारी र गैरक्रान्तिकारी चिन्तन-प्रवृत्तिबीच भीषण सङ्घर्षको इतिहास निर्माण गर्दै अघि बढिरहेको छ । आज दलाल पुँजीवादी र सामाजिक दलाल पुँजीवादी तत्वहरूले विद्यार्थी आन्दोलनको आयु तोक्ने, औचित्य नदेख्ने र आवश्यकता छैन भन्नेजस्ता विभ्रम आमविद्यार्थीका बीचमा फैलाइरहेका छन् । जबसम्म समाजमा वर्ग रहन्छ, तबसम्म वर्गसङ्घर्ष अपरिहार्य छ । दलाल पुँजीवादी संसदीय व्यवस्था र त्यसको शिक्षाप्रणालीको अन्त्य, वैज्ञानिक समाजवादी सत्ता र शिक्षाप्रणाली स्थापनाको खातिर क्रान्तिकारी विद्यार्थी आन्दोलन आवश्यक र उत्प्रेरक बनिरहनुपर्छ । विद्यार्थी रहँदासम्म विद्यार्थी सङ्गठन, सङ्घर्ष र आन्दोलन जारी रहनेछ भन्ने उद्घोष गरिरहनुपर्छ ।

**(ग) दलाल पुँजीवादी शिक्षाको अन्त्य गर्ने**

कुनै पनि मुलुकको शिक्षाप्रणाली राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचनाअनुरूप हुन्छ । शिक्षाले युगीन राजनीतिक, आर्थिक र सामाजिक संरचनाअनुसार राज्य र समाजको साधनको काम गर्दछ । वर्तमान नेपालको राजनीतिक, आर्थिक र सामाजिक अवस्था दलाल पुँजीवादी तथा नवऔपनिवेशिक रहेको छ । शिक्षा पनि दलाल पुँजीवादी सत्ताको निर्देशन, नियन्त्रण र नेतृत्वमा सञ्चालित छ । वर्तमान शिक्षाप्रणाली दलाल पुँजीवादी नै हो । त्यसले आमजनताको हित एवम् स्वार्थमा होइन, दलाल पुँजीवादीहरूको राजनीतिक सत्ताको आधारशिला निर्माण गर्ने, सेवा गर्ने र स्वार्थसिद्ध गर्ने नोकर निर्माण गर्नेबाहेक अरू केही गर्न सम्भव छैन । एक मुलुक दुई शिक्षाको नीति हाल आएर कथित सङ्घीयताले एक मुलुक अनेकौँ शिक्षानीति र संरचनाको स्थिति निर्माण गरेको छ । सामाजिक सेवा र आमनागरिकको नैसर्गिक अधिकारका रूपमा रहेका शिक्षा क्षेत्र दलाल र माफियाहरूको मुनाफा आर्जन गर्ने मुख्य व्यापारको वस्तु बनेको छ । दलाल राज्यले शिक्षाको दायित्व र व्ययभार जनतामाथि थुपारिरहेको छ । सरकारी शिक्षा चरम सङ्कटमा छ । निजीकरणले शिक्षालाई क्रमशः ढाक्दैछ । शिक्षा प्रतिभा र पुँजी विदेश पलायन गर्ने माध्यम भएको छ । राज्यसँग वैज्ञानिक नीति, योजना र कार्यान्वयनको समस्या छ । नेपाल विदेशीका लागि परीक्षण र असफलता भोग्ने प्रयोगशालाजस्तो बनिरहेको छ । सार्वजनिक शिक्षा आमनागरिकलाई मूल्यमान्यतामा आधारित जीवन दृष्टिकोण निर्माण गर्ने विषयमा नीतिविहीन र दिशाविहीन छ । शिक्षानीति उपभोक्तावादी कर्पोरेट सञ्चालनमा रूपान्तरण भएको छ । दलाल सत्ताको दुईखाले शिक्षानीतिले पद्धति, संरचना र स्वार्थमा मात्र भिन्नता होइन, विभेद/विषमताको गहिरो खाडल खनिरहेको छ । निजीकरण र व्यापारीकरणले शिक्षा सम्भ्रान्त वर्गको पेवा बनिरहेको छ ।

नेपालको दलाल पुँजीवादी राजनीतिक सत्ताद्वारा निर्देशित, नियन्त्रित र सञ्चालित शिक्षाप्रणाली नवऔपनिवेशिक, दलाल एवम् निगम पुँजीवादी नयाँ विशेषतामा पुगेको छ । आजको विश्व-साम्राज्यवाद राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत क्षेत्रमा नयाँ विशेषताहरूमा पुगेको छ । राजनीतिक सत्ताको मालिक दलाल पुँजीवादी भएकाले शिक्षा क्षेत्र त्यसको सेवामा समर्पित हुने, निर्देशनमा चल्ने र त्यस्तैअनुकूलको संस्कार बोकेको जनशक्ति उत्पादन गर्ने अखडा एवम् उद्योगमा परिणत भइरहेको छ । नवउदारवादले परिमार्जित गरी निगम पुँजीवादमा परिवर्तित विश्वपरिवेशले नेपालको शिक्षाप्रणाली दलाल पुँजीवादको हस्तक्षेप र अतिक्रमणले आक्रान्त बनिरहेको छ । मुलुकको समग्र अर्थतन्त्र नै दातृ मुलुक र वित्तीय संस्थाहरूको ऋण, अनुदान र सहयोगमा चल्ने दलाल एवम् निगम पुँजीवादी रहेको छ । आज विश्व निगमहरूको सङ्गठन 'आर्थिक विकास र सहयोगका लागि सङ्गठन' ले विश्व वित्तीय संस्थाहरू विश्व बैङ्क, विश्व व्यापार केन्द्र र अन्तर्राष्ट्रिय मुद्राकोषलाई नियन्त्रण गरिरहेको छ । नेपालको शिक्षा पनि दातृ मुलुक र वित्तीय संस्थाहरूको लगानी र सर्तअनुकूल चलिरहेको छ । यसले सुखी नेपाली समृद्ध नेपाल बनाउने आवश्यक जनशक्ति उत्पादन गर्ने होइन; विश्वका कुन मुलुकमा कस्तो र कति जनशक्ति आवश्यक छ, त्यसको उत्पादन र पूर्ति गर्ने काम नेपालका स्कुल, कलेज र विश्वविद्यालयले गरिरहेका छन् । दलाल शासकहरूको परनिर्भरता र स्पष्ट रणनीतिको अभावमा शिक्षा क्षेत्र दिशाविहीन, अस्तव्यस्त, अव्यवस्थापन र गुणस्तरहीनताले आक्रान्त बनिरहेको छ ।

आज शिक्षामा मात्रात्मक विकास देखिए पनि गुणात्मक परिवर्तन हुनसकेको छैन । शिक्षण संस्था र विद्यार्थी सङ्ख्यामा वृद्धि भएको छ । त्यसले शैक्षिक बेरोजगार पैदा गरी पुँजी र प्रतिभा विदेश पलायन भइरहेको छ । शिक्षा असमान, जनविरोधी, अवैज्ञानिक र अव्यावहारिक छ । राज्यको कमजोर प्रशासन र व्यवस्थापनले शिक्षा उद्देश्य र आवश्यकताविरोधी बनिरहेको छ । दलालहरूको शिक्षा मौलिक हक, आधार भूत शिक्षा अनिवार्य र निःशुल्कको नारा हास्यास्पद विषय बनिरहेको छ । सार्वजनिक शिक्षा सङ्कटपूर्ण अवस्थामा पुगेको छ । निजीकरण तथा व्यापारीकरणको महामारीले शिक्षा राज्यको दायित्व होइन, नागरिकको व्ययभारको वस्तु बनिरहेको छ । विधिगत र प्रणालीको समस्याले शिक्षा असफल भइरहेको छ । यो दलाल पुँजीवादी शिक्षा भएकाले राष्ट्रियताविरोधी छ । यो सङ्कट एवम् समस्याको समाधान सबैका लागि वैज्ञानिक समाजवादी शिक्षा नै हो । दलाल पुँजीवादी राजनीतिक सत्ता स्कुल, कलेज र विश्वविद्यालयमा अभिव्यक्त भइरहेको छ । स्कुलमा क्रान्तिका नयाँ बिरुवा रोप्ने, कलेजमा कोपिला फक्राउने र विश्वविद्यालयमा बुर्जुवा प्राज्ञिक जमात तयार गर्ने होइन, नयाँ क्रान्तिको फूल फुलाउने तथा वैज्ञानिक समाजवादको राजनीतिक, वैचारिक र भौतिक आधारशिला निर्माण गर्न जरुरी छ ।

**(घ) वैज्ञानिक समाजवादी शिक्षाको स्थापना गर्ने**

सन् १९८० को दशकपछि विश्वमा नवउदारवाद हाबी भइरहेको छ । यो निजीकरण, खुला बजार अर्थतन्त्र र भूमण्डलीकरणका रूपमा विश्वव्यापीकरण भइरहेको छ । राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिक, प्राविधिकलगायत नयाँ विशेषतासहित विश्वसाम्राज्यवाद आएको छ । नवउदारवाद र विश्वसाम्राज्यवादको हस्तक्षेप र प्रभाव नेपालको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिकलगायत सबै क्षेत्रहरूमा परिरहेको छ । कृषि, बन, जलस्रोत, खानीलगायत उत्पादनका क्षेत्रहरू भएको नेपालमा पनि असीको दशकपछि आर्थिक नीतिमा, पेसागत संरचनामा, लगानीका क्षेत्रमा, पुँजीगत, श्रमको उत्पादनशीलता र परम्परागत उत्पादनप्रणालीमा परिवर्तन देखापरेको छ । मुलुकको हरेक क्षेत्रमा आज दलाल पुँजीवाद हाबी छ ।

साम्यवादी समाजको उच्चतम् अवस्थाका बारेमा कार्ल मार्क्सले गरेको संश्लेषणका बारेमा लेनिनले पाँचौँ अध्याय राज्यको क्रमिक विलोपका आर्थिक आधार हरूमा उल्लेख गर्नुभएको छ, 'जब श्रम-विभाजनप्रति मानिसको दासतापूर्ण जीहजुरीको अन्त्य, बौद्धिक तथा शारीरिक श्रमको प्रतिपक्षताको अन्त्य, व्यक्तिको चतुर्दिक विकास र उत्पादक शक्तिहरू पनि बढ्दै जान्छन्, सार्वजनिक सम्पत्तिको सारा स्रोतहरू भरिपूर्ण भएर प्रवाहित हुन थाल्छन् र समाजले आफ्नो झन्डामा लेख्न सक्छ- प्रत्येकबाट उसको योग्यताअनुसार, प्रत्येकलाई उसको आवश्यकताअनुसार ।' श्रमको समानता र पारिश्रमिकको समानता कायम हुनेबित्तिकै नै मानव जातिसमक्ष औपचारिक समानताबाट वास्तविक समानतातर्फ पाइला अगाडि बढ्नेछन् । परिमाण गुणमा रूपान्तरित हुन्छ, विशाल एवम् जटिल समाजिकृत यन्त्रद्वारा लाखौँ मजदुरहरूको 'प्रशिक्षण तथा अनुशासन', 'हिसाब-किताब र नियन्त्रण' आचरण भ्रष्ट, अल्छीका पिण्डहरू, कामचोरहरू, ठगहरू र पुँजीवादी परम्पराहरूका रक्षकहरूमाथि नियन्त्रण 'कतै जाने ठाउँ रहनेछैन ।' वैज्ञानिक समाजवाद- साम्यवादले मात्र मानव जातिलाई न्याय, मुक्ति, समानता, शान्ति, स्वाधीनता र समृद्धि दिन सक्छ । यसले वर्ग, जाति, लिङ्ग र क्षेत्रको पर्खाल भत्काउँछ । वैज्ञानिक समाजवाद राजनीतिक रूपले सर्वहारा वर्गको नेतृत्व, किसान-मजदुरको मुख्य भूमिका, उत्पीडित जाति, राष्ट्र, लिङ्ग, समुदायको स्वामित्वमा सत्ता, दलाल पुँजीपति वर्गको निषेध, देशभक्त शक्तिहरूसँगको सहकार्यबाट अघि बढ्छ र वर्गविहीन, राज्यविहीन, सर्वोत्तम मानव समाज, सभ्यता र व्यवस्थामा विकसित हुन्छ । आर्थिक रूपले सामन्ती भूस्वामित्वको अन्त्य, दलाल पुँजीको राष्ट्रियकरण, अति एकाधिकार पुँजीको प्रवेशमा रोक, दलाल एवम् सूदखोर पुँजीमाथि नियन्त्रण, आमजनतालाई गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगार, सूचनासञ्चार, यातायात आदिको अधिकार सुनिश्चित हुने, आत्मनिर्भर अर्थतन्त्रको निर्माण र विकास, राष्ट्रिय एवम् औद्योगिक पुँजीको विकास, उत्पादनमूलक अर्थसम्बन्धको विकासबाट अघि बढ्नेछ । शोषणरहित, समान, सुख-समृद्धिमा विकसित हुनेछ । दलाल पुँजीवादभन्दा फरक दृष्टिकोण, चेतना, जीवनशैली, संस्कार, आचरण र व्यवहारमा वैज्ञानिक समाजवाद अभिव्यक्त एवम् विजयी हुनेछ ।

दलाल पुँजीवाद एवम् दलाल संसदीय व्यवस्थाको अन्त्यपछि स्थापना वा निर्माण गरिने समाज व्यवस्था वैज्ञानिक समाजवाद नै हो । वैज्ञानिक समाजवादी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत आधारमा वैज्ञानिक समाजवादी शिक्षाप्रणालीको निर्माण, प्रयोग र विकास हुनेछ । वैज्ञानिक समाजवादी शिक्षाको अवधारणा, उद्देश्य, आधार, अन्तरवस्तु र विशेषताहरू सर्वोत्तम रूप र सार वैज्ञानिक समाजवादमा अभिव्यक्त हुनेछ । एकीकृत जनक्रान्तिद्वारा दलाल पुँजीवादी संसदीय व्यवस्थाको अन्त्य र त्यसको खरानीमा वैज्ञानिक समाजवाद स्थापना र निर्माण हुनेछ । वैज्ञानिक समाजवादी व्यवस्थाको महान् उद्देश्यसँग अविभाज्य जोडिएको छ । तसर्थ, सांस्कृतिक-शैक्षिक क्रान्ति वैज्ञानिक समाजवादी क्रान्तिको अनिवार्य र अभिन्न अङ्ग हुनेछ । वैज्ञानिक समाजवादी सत्तामा मात्र सबै नागरिकलाई शिक्षा हासिल गर्ने समान अधिकार सुनिश्चित हुनेछ । सबैका लागि समान शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुनेछ । शिक्षा वैज्ञानिक, व्यावहारिक, अनिवार्य, निःशुल्क, सर्वसुलभ र समान हुनेछ । अबको बहस र आन्दोलन वैज्ञानिक समाजवादी शिक्षाका लागि सञ्चालन गरिनेछ । आज वैज्ञानिक समाजवादी शिक्षाको अवधारणा, उद्देश्य, आधार, अन्तरवस्तु र विशेषताका बारेमा व्यापक बहस गर्दै अघि बढ्न जरुरी छ । वैज्ञानिक समाजवादी शिक्षाप्रणालीको स्थापना वैज्ञानिक समाजवादमा मात्र हुनेछ जुन विज्ञानमा आधारित हुन्छ । पुँजीवादले स्थापना गरेको शैक्षिक व्यवस्थालाई राष्ट्रियकरण तथा सामुदायिकीकरण वैज्ञानिक समाजवादमा हुनेछ । शिक्षामा निजी लगानीको आवश्यकता एवम् औचित्य हुनेछैन । वर्गीय शिक्षाको अन्त्य गर्दै सबैका लागि समान, निःशुल्क, सर्वसुलभ, अनिवार्य र वैज्ञानिक शिक्षाको व्यवस्था गरिनेछ । जनताका छोराछोरीहरूलाई सबै तह र विषयको शिक्षामा सहज पहुँच वैज्ञानिक समाजवादमा हुनेछ । शिक्षाको राज्यले पूर्ण दायित्व लिनेछ । यसलाई रुस, चीन, क्युबा, जनगणतन्त्र कोरियालगायत समाजवादी मुलुकको अन्तर्राष्ट्रिय अनुभव र हाम्रो मुलुकको मौलिक विशेषतामा प्रयोग र विकास गरिनुपर्छ ।

वैज्ञानिक समाजवादी शिक्षाको पहिलो र अन्तिम उद्देश्य वैज्ञानिक समाजवादको निर्माण र सेवा गर्नु हो । त्यसका लागि देश विकासको आधारशिला आवश्यक सक्षम जनशक्ति उत्पादन र नयाँ पूर्ण मानव निर्माण गर्ने हो । यो शिक्षाको मुठीभर मान्छेमा सीमित नभएर सिङ्गो समाजलाई नयाँ एवम् पूर्ण मानव निर्माण गर्ने मूल उद्देश्य हो । त्यसमा सिङ्गो देश प्रयोगशाला र सम्पूर्ण समाजलाई 'बृहत् विद्यालय' मा परिणत गरिनुपर्छ । आमजनतालाई वैज्ञानिक, जीवनोपयोगी, प्राविधिक, सुलभ र सरल रूपले शिक्षाको अधिकार तथा अवसर प्राप्त हुन्छ । यसले सम्पूर्ण जनतालाई वैज्ञानिक दृष्टिकोण एवम् चेतनाको विकास गर्न देशको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, भौगर्भिक अवस्थाबारे शिक्षित गर्दछ । यसले प्रकृति, मानव समाज र राज्यसत्तासम्बन्धी वैज्ञानिक ज्ञान र सीप प्रदान गर्ने विज्ञानले लैस गर्दछ । वैज्ञानिक समाजवादी शैक्षिक क्रान्ति एकीकृत जनक्रान्तिको अनिवार्य र अभिन्न अङ्ग हो । यो शिक्षाले अधिभूतवादी र आदर्शवादी दर्शनका विरुद्ध द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई मुख्य आधार मान्दछ । 'मानिसको चेतनाले उसको सत्तालाई निर्धारण गर्दैन, बरु त्यसको उल्टो उनीहरूको सामाजिक सत्ताले उनीहरूको चेतनालाई निर्धारित गर्छ' भन्ने महान् मार्क्सको दर्शनलाई जीवन र व्यवहारमा लागू गरिन्छ । अन्तर्राष्ट्रिय रूपमा विश्वसाम्राज्यवाद र राष्ट्रिय स्तरमा दलाल पुँजीवादी सत्ताको दमन र हस्तक्षेपका विरुद्ध देशभक्तिपूर्ण आन्दोलनका पक्षमा सचेत, प्रशिक्षित र सङ्गठित गर्ने उद्देश्य हासिल गर्दछ । वैज्ञानिक समाजवादी शिक्षाले मानव समाज एवम् समृद्धि र सभ्य संस्कृतिको निर्माणमा जोड दिन्छ । यसले ज्ञान सिद्धान्तमा अभूतपूर्ण क्रान्ति ल्याउनेछ र शिक्षालाई जीवन-जगत् बुझ्ने र बदल्ने कार्यभारका रूपमा श्रम-शिक्षा र बहुप्राविधिक शिक्षाको सैद्धान्तिक आधारमा बौद्धिक, शारीरिक विकास र बहुप्राविधिकको अभिप्रायलाई व्यवहारमा प्रयोग गर्नेछ । वैज्ञानिक सामाजवादी शिक्षामा नयाँ सङ्गठनात्मक संरचना, पाठ्यक्रम, पद्धति, शिक्षण मूल्याङ्कन, माध्यम भाषा र विभेदको अन्त्य हुन्छ । वैज्ञानिक ढङ्गले प्रकृति र मानव समाजको समग्र अनुसन्धान गरिने भएकाले वैज्ञानिक समाजवादी शिक्षा सर्वोत्तम छ ।

सन् १९१७ को अक्टोबर क्रान्तिको विजयपछि सोभियत सङ्घमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिकलगायत क्षेत्रमा आमूल परिवर्तन भएको थियो । सोभियत सङ्घ विश्वको पहिलो समाजवादी मुलुक हो । यसले नै पहिलोपटक विश्वको विशाल एवम् छैटौँ भागमा समाजवाद निर्माणकार्य सुरु गर्‍यो । त्यसको आधारमा जनशिक्षा (समाजवादी शिक्षा) को जग निर्माण गर्‍यो । समाजवादी शिक्षाको शैक्षिक अवधारणा, उद्देश्य र अन्तरवस्तु मार्क्सवादको मार्गदर्शन र रुसको सापेक्षामा गर्‍यो । सन् १९४९ को चिनियाँ नयाँ जनवादी क्रान्तिले विश्वको विशाल भूभागमा नयाँ जनवादी (समाजवादी) सत्ताको जगमा जनवादी (समाजवादी) शिक्षालाई नयाँ ढङ्गले विकास गर्‍यो । वैज्ञानिक सामाजिक शिक्षाको सार्वभौमिक, अनिवार्य, समान र निःशुल्क मूल्य-मान्यतालाई आज विश्वका समाजवादी मुलुकहरूले मात्र होइन, पुँजीवादी (साम्राज्यवादी) देशहरूले पनि अनुकरण एवम् अनुसरण गरिरहेका छन् । समाजवादी क्युबाले सन् १९५९ र समाजवादी कोरियाले सन् १९७७ पछि समाजवादी शिक्षाप्रणाली लागू मात्र गरेनन्, शिक्षा क्षेत्रमा महान् उपलब्धि हासिल गरेका छन् । क्युबामा फिडेल क्यास्त्रोले शिक्षामा उच्च जोड दिएर रणनीति, कार्यनीति र कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नुभयो । शिक्षालाई विकास रणनीतिका रूपमा अघि सार्ने, सार्वजनिक शिक्षाको एकल अभियान सञ्चालन गरी निजी स्कुल बन्द गर्ने, शैक्षिक सुधार तथा आमूल परिवर्तनका लागि योजनाबद्ध आन्दोलन गर्ने, शिक्षालाई खास मूल्य निर्माणमा केन्द्रित गर्ने, स्कुल/विश्वविद्यालयलाई उत्पादन र समाजसँग जोड्ने, शिक्षाको संरचनागत सुदृढीकरण गरेर विभेदहरूको अन्त्य गर्ने, अनुसन्धानलाई जोड दिने र शिक्षा विकासको नेतृत्व राज्यले गर्ने उद्देश्य ठोस गरी ठूलो उपलब्धि हासिल गरेर आज क्युबा शिक्षाको नमुना मुलुक बनेको छ । किम इल सुङको नेतृत्वमा सञ्चालित कोरियाली जनक्रान्तिको विजयबाट स्थापना भएको समाजवादी कोरिया समाजवादी शिक्षाका सिद्धान्तलाई व्यवहारमा लागु गर्ने, वर्गीय पक्षधरतामा आधारित शिक्षामा समायोजन गर्ने, शिक्षामा विचारधारा स्थापित गर्ने, शिक्षालाई क्रान्तिसँग जोड्ने, शिक्षाको साङ्गठनिक तथा कार्यगत दायित्व समाजवादी राज्यले लिने मूल्य र मान्यता स्थापित गर्‍यो । राजनीतिक र विचारधारात्मक शिक्षा, वैज्ञानिक र प्राविधिक शिक्षा र शारीरिक शिक्षाको अन्तरवस्तु ठोस गरेर लागु गर्‍यो । अनुसन्धानात्मक शिक्षण, सैद्धान्तिक शिक्षालाई व्यवहार र उत्पादन श्रमसँग जोड्ने, सङ्गठित, सामाजिक र राजनीतिक क्रियाकलापलाई सुदृढ गर्ने, स्कुल र सामाजिक शिक्षालाई जोड्ने र स्कुल र प्रौढ शिक्षाको निरन्तरता दिने समाजवादी शिक्षाको विकास र प्रयोग गरेको छ । समाजवादी शिक्षा प्रणाली विश्वव्यापी अनिवार्य, निःशुल्क कामसँगै अध्ययन गर्ने, बालबालिकाको लालन-पालन र शिक्षाको दायित्व राज्यले लिने मान्यताको विकास र प्रयोग गरेको छ । शिक्षा र शिक्षण संस्थाको ठोस जिम्मेवारी, भूमिका, मार्गदर्शन र सहयोग समाजवादी सत्ताले गरिरहेको छ । मानव जातिले हालसम्म हासिल गरेका शिक्षा क्षेत्रका अनुभव र गुणहरूलाई वर्तमान समयमा संश्लेषण गर्दै दलाल पुँजीवादी शिक्षाले राष्ट्र, जनता र मानव समाजका लागि उच्च, वैज्ञानिक र सुसंस्कृत ज्ञान प्राप्त गर्ने, नेपालमा वैज्ञानिक समाजवादी शिक्षाप्रणाली अनिवार्य बनेको छ । हामी नेपालको दलाल पुँजीवादी सत्तालाई आमूल परिवर्तन गर्ने सङ्घर्षको उच्चतम् मोडेल एकीकृत जनक्रान्तिमा छौँ । वैज्ञानिक समाजवादी शिक्षा, जनताको वैज्ञानिक सामाजिक सत्ताबिना सम्भव हुँदैन । 'लाखौँ-करोडौँ जनताको इच्छालाई साझा आकाङ्क्षामा परिणत गर्ने उद्देश्यले पुरानो समाजप्रति आफ्नो घृणामा यस सङ्घर्षका निमित्त आफ्ना शक्तिहरूलाई एकबद्ध र सुसङ्गठन गर्ने दृढता, योग्यता र तत्परता पनि जोडिएका छन् । पुरानो शिक्षाप्रणालीलाई नष्ट गर्ने तत्परतालाई उचित ठान्दै-अध्यापनको पुरानो पद्धति, सुगारटाइ र घोकाइको ठाउँमा समग्र मानव ज्ञान ग्रहण गर्ने क्षमता उत्पन्न गर्नुपर्छ ।'

रसियाली कम्युनिस्ट युवक सङ्घको तेस्रो अखिल रसियाली महाधिवेशनको भाषण २० अक्टोबर १९२० युवक सङ्घहरूका कार्यहरू (लेनिन, सङ्कलित रचनासङ्ग्रह, पाँचौँ संस्करण, खण्ड ४१, पृष्ठ २९८-३१८)

महान् लेनिनले भनेझैँ क्रान्तिकारी युवा-विद्यार्थीहरूले वैज्ञानिक समाजवादी शिक्षाका लागि गरिने सङ्घर्षलाई दलाल पुँजीवादी सत्ता परिवर्तन गर्ने एकीकृत जनक्रान्तिमा केन्द्रित गर्न आवश्यक छ । राष्ट्र र जनताको सुन्दर भविष्यका लागि वैज्ञानिक समाजवादी शिक्षा, वैज्ञानिक समाजवादी शिक्षाका लागि एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादी सत्ता अनिवार्य छ भन्ने महान् विचारलाई आत्मसात गरौँ ।

# अजम्मरी सपना बोकेका अजम्मरी अनुहारहरू !

## मेरो कानमा बालआवाज गुन्जिरह्यो, 'आमै, तिमी किन रुन्चेऊ ?'



अम्बिका चन्द

*करिव २ वर्ष लामो सरकारी प्रतिवन्ध बेहोरेर १२ जना कमरेडको रगत जनयुद्धका सहिदहरुको रगतमा मिसाएर नेपाल कम्युनिस्ट पार्टी चितवनमा केन्द्रीय राजनीतिक वैचारिक प्रशिक्षणमा जुटेको थियो । आउँदो फागुनमा पार्टीको नवौँ महाधिवेशन गर्ने पार्टीको योजना थियो । प्रशिक्षणमा एकीकृत जनक्रान्तिका नायक कमरेड विप्लव पसिनाले निथ्रुक्क भिजेर भए पनि कमरेडहरुका दिमागमा विचार भरिहरनुभएको थियो । म पनि ३ सयभन्दा बढी जुझारू कमेडहरुसँग बसेर गमिरहेँ- के यो पार्टीले राजनीतिक, वैचारिक, सैद्धान्तिक वा व्यावहारिक रुपले आफूलाई माथि उठाएर सबैखाले बाधाहरुलाई पन्छाएर खुट्टा गुमाएका सुरेन्द्र महर्जनले यो पार्टीसँग राखेको अपेक्षा सम्बोधन गर्न सक्ला ? के दीपेन्द्रकी जीवनसँगिनीका आँसु पुछ्न सक्ला ?*

*दिलबहादुरहरूको रगतमा*
*महान र कुमारहरूको रगत मिसाएर*
*हामी देखिरहेका छौँ क्रान्तिको विप्लवी सपना ।*
*बारुदको धुवाँमा उडेका कमरेडहरूको समाधिमा उभिएर*
*हामी गरिरहेका छौँ*
*आकाशको उचाइ नाप्ने उन्मुक्त कल्पना ।*

आजभन्दा ३ वर्षअगाडि यस्तै गर्मीयाममा हामी चितवनमा एउटा राजनीतिक-वैचारिक प्रशिक्षणमा सहभागी भएका थियौँ । गर्मी मौसममै भएको त्यो प्रशिक्षण सायद पार्टीमाथि लागेको सरकारी प्रतिबन्धअघिको अन्तिम प्रशिक्षण थियो । संयोग भन्नुपर्छ, सरकारी प्रतिबन्ध हटिसकेपछि भएको पहिलो वैचारिक-राजनीतिक प्रशिक्षण पनि चितवनकै पर्सामा भयो ।

राता ब्यानरहरू र हँसियाहथौडा अङ्कित झन्डाहरूले सजिएको डिज्नी रिसोर्टको प्रशिक्षण हलभित्र देशैभरिका क्रान्तिकारी, जुझारु कमरेडहरू विचारको हतियारमा सान लगाउने र नयाँ उत्साह बोकेर कार्यक्षेत्र फर्किने अभिलाशा बोकेर गर्मी खपिरहेका थिए । यो गर्मी सहनुपर्दा मैले काठमाडौँको खुलामञ्चमा भदौ २८ गते आयोजित एमसीसीविरोधी कार्यक्रम पटकपटक सम्झिएँ । भदौ २८ को उक्त कार्यक्रममा सबै नेताहरूले बोल्दा मौसम सफा थियो तर जब अन्तिममा प्रमुख वक्ता महासचिव विप्लवको बोल्ने पालो आयो, आकाशले विप्लवी गर्जन निकाल्यो । कति ठूलो वर्षा भयो भने वेलुका कोठामा पुग्दा कमरेड सुदर्शन छालाको बेल्टको भित्री पनि भिजेछ भन्दै हुनुहुन्थ्यो । सभामा जब विप्लवले बोल्न थाल्नुभयो झरी झन्झन् दर्कियो । मैले कल्पना गरेँ- सायद यो आकाश पनि क्रान्तियात्रामा हजारौँ बाधाहरू पन्छाउन र हजारौँ ज्वारभाटाहरूलाई सामना गर्न तयार हुनुछ भनेर खबरदारी गर्दै थियो । खुलामञ्चको त्यो सभामा सहयोगीले छाता ओढाउन लाग्दा महासचिव विप्लवले भनेका थिए, 'छाता ओढ्न पर्दैन । हामीले ठूलाठूला आपत्‌विपत् सामना गरेर आएका मान्छेहरूका लागि यो पानी त हाम्रा लागि सामान्य हो ।' यसो भनिरहँदा सहभागीहरूले लगातार ताली बजाए । बेलुका हेडक्वार्टरमा पुगेको बेला कमरेड असल यो सन्दर्भलाई उल्लेख गरेर ज्वाला सङ्ग्रौलाले फेसबुकमा स्टाटस लेखेको कुरा सुनाउँदै हुनुहुन्थ्यो । चितवनको डिज्नी हलभित्र रहेर यो गर्मी खाइरहँदा म एकपटक काठमाडौँ खुलामञ्च पुगेँ र महासचिव विप्लवले भनेको कुरा पटकपटक सम्झिएँ, 'हामी कैयौँ ठूल्ठूला आपत्‌विपत् सहेर आएका मान्छेहरूलाई मौसमी प्रतिकूलताले कुनै असर गर्दैन । यो त साधारण विषय हो । हामीले हजारौँ बाधाहरू पन्छाउँदै अगाडि बढ्नु पर्नेछ ।'

प्रसङ्ग काठमाडौँतिर गएछ । म फेरि चितवनकै पर्सास्थित डिज्नी हलतिर फर्किन्छु । वैज्ञानिक समाजवादको सुन्दर सपना आँखामा सजाएर आकाशको उचाइ नाप्ने सपना देखेका मेचीदेखि महाकालीसम्मका कमरेडहरूले भरिएको थियो डिज्नी पार्क रिसोर्टको हल । हलमा मुगुका समाज र हुम्लाका निर्माणहरू पनि थिए । बझाङका यक्ष र हिमाञ्चलका रामचन्द्र पनि थिए । मुस्ताङका नवीन, काठमाडौँका तुल्सीनारायण अनि सङ्खुवासभाका युवराज, सप्तरीकी रेखा र डोल्पाका धमिलहरू पनि थिए । हलमा बसेर मैले मेरा कमरेडहरूका अनुहारहरू नियालेँ । मन-मुटुमा वैज्ञानिक समाजवादको सपना देख्ने साथीहरूको अनुहारहरूमा भन्दा बढी मेरा आँखा भित्तामा झुन्डिएका कमरेडहरूतर्फ बढी सोझिए । वर्गप्रेमले भरिएका मेरा ती राता मान्छेहरूसँग, ती अजम्मरी अनुहारहरूसँग मैले पटकपटक साक्षात्कार गरेँ । पार्टीमाथि प्रतिबन्ध लाग्नुभन्दा पहिलेको अन्तिम प्रशिक्षणमा सँगै सहभागी भएका धेरै कमरेडहरू यसपालि हलमा भेला भएका छौँ तर १२ जनाचाहिँ भित्तामा तस्बिर बनेर झुन्डिएका थिए । यस्तै करिब डेढ सय कमरेडहरू बन्द पर्खालभित्रबाट हामीलाई निरन्तर फोन गर्दछन् । उनीहरूसँग फोनमा बोल्दा पनि मेरो मन खिन्न हुन्छ । उनीहरू सोध्छन्, हामी कहिले रिहा हुन्छौँ ? पाटीले हामीलाई कहिले निकाल्छ ? म जिम्मेवारीको भारीले पसिनापसिना हुन्छु । सधैँभरि म बनिबनाउ जबाफ दिन्छु- के छ तपाईंहरूको ? सन्चै हुनुहुन्छ ? हामी ठीकै छौँ...यस्तै-यस्तै ।

हामी हलमा कुर्सीमा थियौँ तर १२ जना भित्तामा तस्बिरमा सजिएका थिए । मलाई गुनासो गर्न मन लाग्यो भित्ताका ती मान्छेहरूसँग, मलाई प्रश्न गर्न मन लाग्यो ती लालताराहरूसँग- ओ प्रिय मान्छे, तिमी त अमर भएर गयौ । हामीलाई इतिहासको गह्रौँ अभिभारा सुम्पिएर गयौ । तिमीले आफूलाई एकीकृत जनक्रान्तिको बाटोमा निःसर्त बलिदान गरेर गयौँ । तर थाहा छैन हामी कतिजना यो यात्राबाट विचलित हुन्छौँ ! तिमीले हामीलाई सुम्पिएको रगतले भिजेको झोला र तिम्रो रगतका खाटा बसेको रक्तरञ्जित झन्डा उठाएर सागरको गहिराइ नाप्ने हाम्रो सपना पूरा गर्ने यो 'लम्बे अभियान' मा हामी कतै...। भित्तामा ध्रुवताराजस्तै अटल बनेर वसेका कमरेडहरूले हामीलाई खबरदारी गरेको जस्तो लाग्यो- तिमीहरूलाई यो यात्राबाट विचलित हुने छूट छैन । दिलबहादुरहरूको रगतमा हामीले पनि रगत मिसाएका छौँ कमरेड धनरूप बटाला, चन्द्रबहादुर सिंह, तीर्थ घिमिरे, गोकुल रानामगर, प्रज्वल शाही, विभुराम विक, कृष्णप्रसाद भण्डारी, रामकुमार श्रेष्ठ, कुमार पौडेल, निरकुमार राई, रामबहादुर सिंह, जगेन्द्रबहादुर पुन ।

हलमा सहभागीहरूलाई प्रशिक्षणको महत्वबोध गराउन पार्टी महासचिव विप्लवले अध्यक्षता गर्दै भने, 'सही विचार क्रान्तिको प्रमुख सर्त हो । क्रान्तिकारी आन्दोलनका लागि सही क्रान्तिकारी विचार निर्माण गरिसकेपछि त्यो विचार लागू गर्न क्रान्तिकारी पार्टी निर्माण गर्नुपर्छ र त्यसपछि क्रान्तिकारी कार्यदिशा निर्माण गर्नु त्यसको अनिवार्य सर्त हुन जान्छ । क्रान्तिकारी विचारसहितको कार्यदिशा लागू गर्ने काम क्रान्तिकारी पार्टीको हो । यस्तो पार्टीको नेतृत्वमा क्रान्ति अगाडि बढाएर वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्दछ । वैज्ञानिक समाजवाद नै जनताको उत्तम व्यवस्था हो ।'

हामीजस्तो हैसियत राख्ने मानिसले बुझेको वैज्ञानिक समाजवादी व्यवस्था अथवा विप्लव नेतृत्वको नेकपाले देखेको समाजवादमा जनताले सत्तालाई अपनत्व महसुस गर्नेछन् । त्यहाँ अन्याय, अत्याचार र सबैखाले विभेदहरू अन्त्य हुनेछन् । जनता सुखी र समृद्ध हुनेछन् । हिउँ फुल्ने हिमालको तलतिर लटरम्म फलेका स्याउका बगानहरू हुनेछन् । पहाडहरूमा कागती, सुन्तला, कफी वा चियाका बगानहरू बन्नेछन् भने तराईमा लटरम्म फलेका पहेँलपुर धानका फाँटहरू हुनेछन् । सहरहरू सफा र सुन्दर हुनेछन् । व्यवस्थित बालग्रामहरू र व्यवस्थित सफा वृद्धाश्रमहरू हुनेछन् । सडक सञ्जालले हरेक गाउँहरू जोडिएका हुनेछन् । ठाउँठाउँमा सुन्दर फूलैफूलहरूले भरिएका उद्यानहरू हुनेछन् र पर्यटकहरू फूलका गुच्छाहरूलाई पृष्ठभागमा राखेर फोटा खिचिरहेका हुनेछन् र भन्नेछन्- वाः क्या राम्रो सगरमाथाको देश । कोही पनि मानिस सडकमा माग्ने र कोही पनि रोग, भोग र अभावले मर्ने अवस्था आउने छैन र कोही पनि छोरीहरूले असुरक्षित महसुस गर्नुपर्ने छैन । समाजवादी व्यवस्थामा सबै श्रमिक जनताले भन्नेछन्, 'हाम्रा अग्रजहरूले लडेर ल्याएको समाजवाद, वाह समाजवाद ! अग्रजहरूलाई धन्यवाद ।'

समाजवादी व्यवस्थाको खाका कोरेर त्यही व्यवस्था ल्याउने सपना कोरेका दीपेन्द्र, महान र रामकुमारहरूले आफूलाई बमको धुवाँमा उडाए । काठमाडौँ सुकेधारामा घटनाबाट बाँचेका तर खुट्टा गुमाएका घाइते कमरेड सुरेन्द्र महर्जनले हलमा आँखाभरि आँसु पारेर गला अवरुद्ध बनाउँदै आफ्नो अनुभूति राख्दै गर्दा सायद धेरैको मनमा गहिरो उद्वेलना पैदा भयो । अस्ति काठमाडौँमा त्यहाका जिल्ला इन्चार्ज माइला दाइले आयोजना गरेको कानुन व्यवसायी र उनका परिवारको सम्मान कार्यक्रममा सहिदप्रति श्रद्धाञ्जली व्यक्त गर्न लाग्दा सुकेधारा घटनाका सहिद विभुराम विक 'दीपेन्द्र' की जीवनसँगिनी भावुक हुनुभयो । आफ्नी आमा रोइरहेको देखेर काखको सानो २ बर्से छोराले भन्यो, 'आमै किन रुन्चेऊ ?' त्यो अबोध बालकको आवाज जब मेरो कानमा पर्‍यो, त्यो दिनभरि मेरा आँखा ओभाना भएनन् । मेरो कानमा एउटा बालसुलभ बोली पटकपटक गुन्जिरह्यो- आमै, तिमी किन रुन्चेऊ ?

करिव २ वर्ष लामो सरकारी प्रतिवन्ध बेहोरेर १२ जना कमरेडको रगत जनयुद्धका सहिदहरूको रगतमा मिसाएर नेपाल कम्युनिस्ट पार्टी चितवनमा केन्द्रीय राजनीतिक वैचारिक प्रशिक्षणमा जुटेको थियो । आउँदो फागुनमा पार्टीको नवौँ महाधिवेशन गर्ने पार्टीको योजना थियो । प्रशिक्षणमा एकीकृत जनक्रान्तिका नायक कमरेड विप्लव पसिनाले निथ्रुक्क भिजेर भए पनि कमरेडहरूका दिमागमा विचार भरिहरनुभएको थियो । म पनि ३ सयभन्दा बढी जुझारु कमेडहरूसँग बसेर गमिरहेँ- के यो पार्टीले राजनीतिक, वैचारिक, सैद्धान्तिक वा व्यावहारिक रूपले आफूलाई माथि उठाएर सबैखाले बाधाहरूलाई पन्छाएर खुट्टा गुमाएका सुरेन्द्र महर्जनले यो पार्टीसँग राखेको अपेक्षा सम्बोधन गर्न सक्ला ? के दीपेन्द्रकी जीवनसँगिनीका आँसु पुछ्न सक्ला ? आमै, किन रुन्चेऊ भनेर अन्जानमा गहिरो जिज्ञासा व्यक्त गर्ने सहिदका बच्चाको अभिभावकत्व लिन सक्ला ? यस्तैयस्तै प्रश्नहरूको बिलखबन्दमा परेर कमरेहरूलाई सुन्दै भित्ताका अजम्मरी अनुहारहरू हेरिरहेँ । मनमा उही कुरा दोहोरियो- अघिल्लोपटक यही चितवनको हलमा कुर्सीमा सँगै बसेका कमरेडहरू आज कुर्सीमा छैनन्, भित्तामा छन् । हेर्छन् तर बोल्दैनन् । खबरदारी मात्र गर्छन् । कानमा भने घरिघरि उही आवाज गुन्जिरहन्छ- आमै, किन रुन्चेऊ ? आमै, किन रुन्चेऊ ?? आमै, किन रुन्चेऊ हँ ???

कविता

# जोगाएर राखौँ



अग्निराज पौडेल 'अराप'

तस्बिर खिचेर राखौँ
रोपाइँ, बाउसे, लहलह हरियो बाली
पहेँलपुर झुलेको धानको बाला
गहुँ फलेको खेत
मियोवरिपरि खलोमा गोरु घुमाउँदै
दाइँ गरेको दृश्य
बोराका बोरा ट्रक भरेर
धान-चामल निर्यात गर्दाको घमण्ड
जोगाएर राखौँ
आउँदो पुस्तालाई देखाउन
के थाहा अब
विदेशी ब्रान्डको चामल र पिठो
ससानो पोकामा आयात हुन थालिसक्यो ।

तस्बिर खिचेर राखौँ
मकै र जुनेलोको बोट, घोगा र बाला
कोसामा पोटिलो दाना फलेको
चना, भटमास र केराउको बारी
अनि हाँडीमा मकै-भट्मास भुटेको जोगाएर राखौँ
आउँदो पुस्तालाई भन्नैपर्छ-
महीको घुड्कोसँगै मूलाको साग चपाउँदाको आनन्द
आफैँले उब्जाएको पोसिलो खाना
अनि बाआमाले गरेको सङ्घर्ष
के थाहा अब
पिज्जा, बर्गर, पपकर्न र कोल्डड्रिङ्क्स
विदेशीको नक्कल जताततै छाइसक्यो ।

तस्बिर खिचेर राखौँ
गाई-भैँसी, गोरु-राँगा,
बाछा-बाछी, पाडा-पाडी
अनि त्यो जुरो ढल्काउँदै हिड्ने मैमत्त साँढे
हरायो बयलगाडा, हलो र जुवा
गाई-भैँसी बाँधेको गोठमाथि चोटाका मकैका खोस्टा
तिनलाई बाँध्ने किला र दाम्ला
बारीको कुनामा ठडिएको परालको कुन्युँ
ठेकी, मदानी, घुर्रो र नेती
घ्यू राख्ने हर्पे
जोगाएर राखौँ मही पारेर नौनी मथेको
आउँदो पुस्तालाई चिनाउनुछ
अब के थाहा
दूध, दही, घ्यु, पनिर, खुवा सबै
पोसिलो खाद्य पदार्थ भन्दै
रासायनिक उत्पादन हुन थालिसक्यो !

तस्बिर खिचेर राखौँ
खसी बोका, भेडा च्याङ्ग्रा
बाख्राले खाँदै गरेको टाट्नाको डाले घाँस
कुखुराका भाले-पोथी, ती ससाना चल्ला
अनि जोगाएर राखौँ
चुलामाथि झुन्ड्याएको सुकुटीको तस्बिर
खसीबाख्रा, भेडा च्याङ्ग्रा, सुँगुर र बङ्गुर
आउँदो पुस्ताले जान्न चाहे
घरपालुवा पशु र पन्छी
उखानमा नै सीमित होलाजस्तो छ ।
आकर्षक बट्टामा
विदेशी बिफ, बफ, मटन र चिकेन
धेरैको भान्सामा भित्रिसक्यो ।

तस्बिर खिचेर राखौँ
रायो, तोरी, मूला र काउली
बोडी-सिमी, काँक्रा-लौका
थाँक्रोमा बेरिएको लहरा
करेला र फर्सीको
अनि जोगाएर राखौँ
गुन्द्रुक र सिन्की खाँद्ने खाल्डोको तस्बिर
अब के थाहा
विदेशी भनेको विदेशी नै हो
किन चाहियो
गाउँघर, स्वदेशी हावापानीको मौलिकता
विदेशी ब्रान्डेड गुन्द्रक र सिन्की
अर्गानिक भन्दै गाउँगाउँ पुगिसक्यो ।

तस्बिर खिचेर राखौँ
माना, पाथी, खड्कुलो र गाग्री
डोको-नाम्लो, डालो र थुन्से
परालको गुन्द्री, बाबियाको दाम्लो
प्याला, पाला, गाग्रो र हाँडी
जोगाएर राखौँ
तुलो र ढक-तराजुका तस्बिर
प्लास्टिकको सस्तो उत्पादन
बिजुली परिधानले श्रम र सीप दुवै खाइसक्यो ।

तस्बिर खिचेर राखौँ
सगरमाथा, कोसी, गण्डकी, कालापानी, लिम्पियाधुरा
अनि महाकालीको
देश चुच्चे नक्साबाट पनि लोप हुन थालिसक्यो
सानाठूला उद्योग सबै बिक्री भइसके
सीमा मिचिएको मिचियै छ
मौलाउँदोछ भ्रष्टाचार र दलाली
गरिब जनता भोकै मर्न बाध्य छ
कमाउ धन्दामा लागेका छन् नेता र कर्मचारी
आफ्नो ढुकुटी भर्न देशै बन्धकी राखिसके
के थाहा कुन बेला
धनको कालो पट्टी आँखामा बाँधेका
अरिङ्गाल र बारुलाको जत्था
माकुराको जालोमा बेरिएर
थपडी बजाउँदै
सगौरव घोषणा गर्ने हुन्, दासता स्वीकारेको ।

कति मूकदर्शक बनेर हेरिरहने टुलुटुलु !
खोक्रो बनाइसके धमिराले अग्राखको चुरो
सम्पूर्ण हिसाब मिलाउन
ढिला भइसक्यो
हिटलर, मुसोलिनी र लेन्डुपका नयाँ अवतार हुन् वा
नेपाली अनुहारका साक्षात् लेन्डुप
जोगाएर राखौँ
ती कुरूप तस्बिर, इतिहास र कुकर्म
राष्ट्रघातीहरूका
दुत्कार्नका लागि पनि
असली अनुहार चिनाउनु छ
आउँदो पुस्तालाई ...।

हिन्दु नेपालीहरुको विशेष पर्व दशैं, तिहार, छठ-२०७८ को अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी एवं स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीवहिनी-दाजुभाइहरुमा सुख, शान्ति एवम् समृद्धिको
हार्दिक शुभकामना
तामाकोशी इङ्लिस बोर्डिङ स्कुल
मन्थली नगरपालिका-१, रामेछाप

## सत्ता परिवर्तनका लागि ....

कारण रहेको संश्लेषण महासचिव विप्लवले गरे। प्रतिबन्धकालमा हिरासत र जेल मोर्चा जितेर, आस्था जोगाएर, दुस्मनसँग डटेर सम्मानपूर्वक खुला आकाशमा फर्किएका स्रष्टा, संस्कृतिकर्मी र फासिवादी सत्ताका विरुद्ध निरन्तर सिर्जनात्मक प्रतिरोध गर्ने स्रष्टा-संस्कृतिकर्मीलाई महासचिव विप्लवले बधाई दिए।

क्रान्तिकारी पार्टी र श्रमिक सर्वहारा वर्ग तल नपर्ने गरी पुरानो सत्तासँग भएको तीनबुँदे सहमति लागू गर्न स्रष्टा-संस्कृतिकर्मीले पनि दबाब दिनुपर्ने धारणा राख्दै महासचिव विप्लवले झन्डै दुईतिहाइ कम्युनिस्ट र वामपन्थी जनता, मतदाता रहेको मुलुकमा दलाल पुँजीवादका विरुद्ध वैज्ञानिक समाजवाद स्थापनाका लागि जनताको मत प्रयोग हुने पद्धति जमतसङ्ग्रह नै पर्याप्त भएको संश्लेषण पनि गरे। संसारका कुनै पनि दलाल र फासिवादी शासकले जनतालाई सधैँ धोका दिन नसकेका उदाहरणहरू प्रस्तुत गर्दै महासचिव विप्लवले जनमतसङ्ग्रहमा धोका भए विद्रोह र क्रान्ति गर्नु जनताको अधिकार रहेको पनि प्रस्ट पारे। जनता र पार्टीको शक्तिलाई एक बनाउनासाथ जस्तासुकै तानाशाह र षड्यन्त्रकारीहरू पनि परास्त हुने उनको विश्वास थियो।

### सरकारलाई तीनबुँदे सहमतिको उल्लङ्घन नगर्न चेतावनी

यसअघि शनिबार काभ्रेको बनेपामा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घको सातौँ राष्ट्रिय सम्मेलन उद्घाटन गर्दै महासचिव विप्लवले सरकारले तीनबुँदे सहमति उल्लङ्घन गरेर गल्ती गरिरहेको बताएका छन्। महासचिव विप्लवले नेकपासँग गतवर्ष फागुन २१ गते भएको तीनबुँदे सहमति तत्कालीन सरकारले समेत पालना नगरेको र वर्तमान शेरहादुर देउवा नेतृत्वको सरकारले पनि उल्लङ्घन गरेको प्रस्ट पार्दै भने, 'हिजो मात्र नेकपा इलामका तत्कालीन इन्जार्ज पुष्प कोइरालालाई अदालतले रिहा गरिसकेपछि पुनः पक्राउ गरेर सङ्खुवासभा लगिएकोलगायत देशैभरिका घटनाले सरकारले तीनबुँदे सहमतिको उल्लङ्घन गरेको पुष्टि भएको छ। यो राम्रो सङ्केत होइन।'

महासचिव विप्लवले विराटनगर जुट मिलदेखि मजदुरले लगातार सङ्घर्ष गर्दै आएको तर अहिलेसम्म पनि अधिकार प्राप्त गर्न नसकेको बताए। उनले मजदुरले आफ्नो अधिकार प्राप्तिका लागि थप सङ्घर्ष गर्नु आवश्यक रहेकाले मजदुरको सङ्घर्षको नेतृत्व लिन आफ्नो पार्टी तयार भएको बताए।

महासचिव विप्लवले आफ्नो पार्टीविरुद्ध सेना र प्रहरीलाई सरकारले भड्काउन खोजेको ठोकुवा गरे। उनले नेकपाबाट शान्तिसुरक्षामा थ्रेट छ भनी सेना र प्रहरीलाई अफवाह फैलाउन लगाइएको पनि प्रस्ट पारे। राष्ट्र र राष्ट्रियताको पक्षमा खडा भएको नेकपाको विपक्षमा नलाग्न उनले सेना र प्रहरीलाई आग्रह पनि गरे।

कार्यक्रममा नेकपाका प्रवक्ता प्रकाण्डले मजदुर सम्मेलन आफैँमा ऐतिहासिक रहेको र वर्तमान संसदीय व्यवस्थामा सबैभन्दा पीडित, अन्याय र ठगीमा मजदुर परेको बताए। उनले मजदुर आन्दोलन सही विचार र सही नीतिद्वारा निर्देशित हुनुपर्ने धारणा राख्दै पुँजीपतिहरूले जन्माइदिएका अभिजात वर्गीय पार्टीद्वारा सञ्चालित भएर मजदुरको हित र मुक्ति नहुने बताए। उनले सबै मजदुर एकताबद्ध भएर सङ्घर्षमा उत्रनुपर्ने प्रस्ट पार्दै मजदुर आन्दोलनमा आफ्नो पार्टीको साथ र सहयोग रहने बताए।

प्रकाण्डले देश भयङ्कर सङ्कटमा रहेको उल्लेख गर्दै संसदीय व्यवस्था असफल भइसकेको ठोकुवा गरे। उनले संसदीय व्यवस्थाले आमजनतालाई आजित बनाएको ठोकुवा गर्दै भने, 'संसदीय व्यवस्थाले नेपाली जनतालाई अन्याय, शोषण र अशान्ति मात्र दियो। भ्रष्टाचार र कमिसनको मात्रै खेल गरायो। विदेशीसँग दलाली मात्र गर्‍यो। आफ्नो सत्ता र कुर्सीका निम्ति असमान सन्धिसम्झौता गर्ने, राष्ट्र र जनतालाई दाउमा लगाउने कार्य मात्र गर्‍यो। यसको उदाहरणका लागि एमसीसी सम्झौता र दार्चुला तुइन घटनालाई लिन सकिन्छ।'

प्रवक्ता प्रकाण्डले संसदीय व्यवस्था बदल्नुको विकल्प नभएको र वैज्ञानिक समाजवाद स्थापना गर्नु अनिवार्य भएको धारणा राखे। त्यसका निम्ति जनमतसङ्ग्रह नै एक मात्र सही विकल्प र सही नीति भएको उनको भनाइ थियो।

### महासङ्घको अध्यक्षमा थापा निर्वाचित

यसैबीच अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घको सातौँ राष्ट्रिय सम्मेलनले विनोद थापाको नेतृत्वमा ४५ सदस्यीय केन्द्रीय कार्यसमिति निर्वाचित गरेको छ। महासङ्घको उपाध्यक्षमा शिशिर थापा, महासचिवमा श्याम सेन्चुरी, सचिवमा डिल्ली ओली र कोषाध्यक्षमा लीलबहादुर बुढाथोकी निर्वाचित भएको महासङ्घले जनाएको छ। बनेपामा नेकपाका महासचिव विप्लवको प्रमुख आतिथ्यमा सुरु भएको सम्मेलन ३ दिनसम्म सञ्चालन भएको थियो। सम्मेलनमा नेकपा केन्द्रीय सदस्य तथा महासङ्घका प्रयाक्सन इन्चार्ज चिरन पुन, पार्टीका केन्द्रीय सदस्य आधारलगायत अतिथिका रूपमा सहभागी थिए।

## क्रान्तिको धक्काले ....

महासचिव विप्लवले बताएका छन्।

पार्टी कार्यकर्ताहरूलाई प्रशिक्षण दिँदै महासचिव विप्लवले प्रचण्ड स्कुल ध्वस्त गरेर नयाँ स्कुल स्थापना गर्नुपर्ने बताए। क्रान्तिकारी पार्टीका कार्यकर्ताहरूले आफ्नो व्यक्तिगत स्वार्थलाई नभई पार्टीको स्वार्थलाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताए। पार्टीका कार्यकर्ताहरू जहाँ र जुन जिम्मेवारीमा गए पनि क्रान्ति पूरा गरेरै छाड्ने पार्टी निर्माण गर्दै र कार्यनीतिक शृत्र लाहरूको विकास गर्दै जानुपर्ने बताए। जनतासँगको सम्बन्धलाई विकास गर्ने गरी कार्यनीति बनाउने उनको भनाइ थियो।

कम्युनिस्ट पार्टीको अस्तित्वका लागि असल विचार आवश्यक भएको प्रस्ट पार्दै महासचिव विप्लवले सही विचार निर्माण गरेर सही कम्युनिस्ट पार्टी निर्माण गरी क्रान्तिलाई विजयसम्म पुर्‍याउनुपर्नेमा जोड दिएका छन्। यसअघि नै जेठमा केन्द्रीय स्तरको प्रशिक्षण आयोजना गर्ने पार्टीको कार्यक्रम भए पनि कोरोना महामारीका कारण केही ढिलो गरेर यस्तो कार्यक्रम गरिएको भन्दै विप्वलले यहाँबाट फर्केपछि आमजनतामा पार्टीको क्रान्तिकारी विचार सम्प्रेषण गर्न पार्टीका नेता-कार्यकर्ताहरू सक्षम हुने विश्वास व्यक्त गरेका छन्।

प्रशिक्षार्थीलाई सम्बोधन गर्दै महासचिव विप्लवले क्रान्तिकारी कार्यकर्ताहरू पार्टीको स्वार्थलाई केन्द्रमा राखेर काम गर्नुपर्ने विषय प्रस्ट पारे। उनले भने, 'जहाँ गए पनि क्रान्तिलाई नबिर्सने पार्टी निर्माण भएको खण्डमा मात्र क्रान्ति पूरा गर्न सकिन्छ। त्यसका लागि कार्यनीतिक शृत्र लाहरूको विकास गर्नुपर्छ। जनतासँगको सम्बन्धलाई विकास गर्ने गरी कार्यनीति बनाउनुपर्छ।' उनले भने, 'क्रान्ति पूरा गर्न हाम्रो कार्यदिशा वैज्ञानिक साबित भएको छ। हाम्रो कार्यदिशा लागू गरेर देखाउने इच्छा र प्रतिबद्धता छ। हामी जित्छौँ, जनताको विजय सुनिश्चित छ।'

यसअघि प्रशिक्षण कार्यक्रमको पहिलो, दोस्रो र तेस्रो दिन देशका विभिन्न जिल्लाका सेक्रेटरीले जिल्लामा भएगरेका कामको रिपोर्ट राखेका थिए। पहिलो दिन सोमबार रिपोर्ट राख्ने क्रममा काठमाडौँबाट तुल्सीनारायण, रोल्पावाट दिनेश, कालीकोटबाट रणदीप, कपिलवस्तुबाट कमल, मकवानपुरबाट विनोद, भोजपुरबाट नवीन, बझाङबाट विराट, जाजरकोटबाट अनन्त, दाङबाट प्रदीप, रूपन्देहीबाट विश्वास, बर्दियाबाट गणेश, सप्तरीबाट रेखा, कास्कीबाट गोकुल, काभ्रेबाट प्रताप, उदयपुरबाट लक्ष्मण, ताप्लेजुङबाट असल, कञ्चनपुरबाट जीवन, सुर्खेतबाट ध्रुव, सल्यानबाट नारायण, अर्घाखाँचीबाट माहुरी, म्याग्दीबाट दीपा, दार्चुलाबाट सुवास, सिन्धुलीबाट गोपाल, मोरङबाट नरेश र सर्ुवासभाबाट युवराजले रिपोर्टिङ गरेका थिए।

त्यसैगरी दोस्रो दिन मङ्गलबार रिपोर्ट पेस गर्नेहरूमा झापाबाट प्रशान्त, कैलालीबाट सङ्गम, बाँकेबाट अनिल, मुगुबाट समाज, पश्चिम रुकुमबाट चन्द्र, बागलुङबाट आकाश, चितवनबाट मीनप्रसाद, ललितपुरबाट विशाल, दोलखाबाट माधव गौतम, रौतहटबाट कुमार, सिराहाबाट सुशील, खोटाङबाट जीवन, इलामबाट जितमान, सुर्खेत विशेष जिल्ला डी वानबाट सरिता, बैतडीबाट लक्ष्मण, जुम्लाबाट प्रभावित, प्युठानबाट अजय, नवलपुरबाट शीतल, गोरखाबाट कपिल, उत्पादन विभागबाट मनिराज, भक्तपुरबाट विजय, मकवानपुर डीवानबाट मिङ्मार, सिन्धुपाल्चोकबाट युगीन, बाराबाट रक्तिम, धनुषाबाट सन्तोष, सोलुखम्बुबाट निमा, पाँचथरबाट सन्तोष, विशेष जिल्ला कैलालीबाट विमल, प्रवास भारतबाट दामोदर, दैलेखबाट दीपेन्द्र, पाल्पाबाट भुवन, पर्वतबाट अनन्त, लमजुङबाट आक्रोश, प्रवासबाट गोविन्द, काठमाडौँ डी वानबाट कुमाल, रामेछापबाट इन्द्र, पर्साबाट गणेश, प्रवास मुम्बैबाट झरना, धनकुटाबाट नवीन, बाजुराबाट एन्डिज, अछामबाट सङ्घर्ष, डोटीबाट ध्रुव, उत्तरप्रदेशबाट दीपक र डँडेल्धुराबाट विजय थिए।

त्यस्तै तेस्रो दिन बुधबार डोल्पाका धमिल, बझाङका कमल, भारत हिमाञ्चल प्रदेशका रामचन्द्र, नवलपरासीका धीरज, जनसेवकका शीतल, गुल्मीका हिमाल, स्याङ्जाका सुजन, मध्यपूर्वका रेशम, लुम्बिनी जनसेवकका हेमन्त, मुस्ताङका नवीन, केन्द्रीय अर्थ विभागका सुवर्ण, धादिङका कुशल, गण्डकी जनसेवकका सङ्घर्ष, अन्तर्राष्ट्रिय विभागका पावेल, रसुवाका विराज, केन्द्रीय स्कुलिङ विभागका गति, जनसेवकका अजय, सर्लाहीका मोहन, अखिल क्रान्तिकारीका अध्यक्ष प्रकाश शाही, केन्द्रीय प्रचार तथा प्रकाशन विभागका अशोक सुवदी, महोत्तरीका झमानसिंह, युवा जनस्वयम्सेवकका अध्यक्ष पाटन, तेह्रथुमका विशाल, जनकपुर जनसेवकका अभय, जवस मोर्चाका तर्फबाट अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी महासचिव राजकुमारी शाही, हुम्लाका निर्माण, दलित मुक्ति मोर्चाकी सीता विक 'सम्झना', अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घका हरि श्रेष्ठ, जनसेवकका खिम, सहिद-बेपत्ता योद्धा परिवारबाट रामबहादुर, शिक्षक सङ्गठनबाट घनश्याम पाठक, अखिल नेपाल जनसांस्कृतिक महासङ्घबाट खेम थपलिया, अखिल नेपाल जनस्वास्थ्यकर्मी महासङ्घबाट डा. प्रकाश चन्द, जनपत्रकार सङ्गठनबाट शेरबहादुर विक, सामना परिवारबाट आरोह नेपाली, गणतान्त्रिक केन्द्रीय सम्पर्क मञ्चका पूर्ण, गणतान्त्रिक खेलकुद महासङ्घबाट जयन्द्र चन्द, मनाङ सेक्रेटरी भीम चापागाईं, अखिल नेपाल लेखक सङ्घबाट शोभा दुलाल, नेवाः राष्ट्रिय मुक्ति मोर्चाका सुरेन्द्र, राष्ट्रिय मगर मुक्ति मोर्चा नेपालबाट सुदर्शन मङ्गोल, राष्ट्रिय थारु मुक्ति मोर्चा नेपालका सङ्घप्रसाद थारु 'सुनील', प्रवासी नेपाली जनसमाज भारत केन्द्रीय कार्यालयका प्रतिनिधि जयरूप वडुवालले रिपोर्ट प्रस्तुत गरेका थिए।

सोमबार प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले सही विचार क्रान्तिको प्रमुख सर्त भएको बताएका थिए। क्रान्तिकारी आन्दोलनका लागि सही क्रान्तिकारी विचार निर्माण गरिसकेपछि त्यो विचार लागू गर्न क्रान्तिकारी पार्टी निर्माण गर्नुपर्ने र त्यसपछि क्रान्तिकारी कार्यदिशा निर्माण गर्नु त्यसको अनिवार्य सर्त हुने स्पष्ट पार्दै महासचिव विप्लवले क्रान्तिकारी विचारसहितको कार्यदिशा लागू गर्ने काम क्रान्तिकारी पार्टीको रहेको पनि बताए।

प्रशिक्षण कार्यक्रमको व्यवस्थापन र खर्चविवरण नेकपाका केन्द्रीय सदस्य तथा चितवनका इन्चार्ज सन्देश पौडेलले प्रस्तुत गरेका थिए। रिपोर्ट प्रस्तुत गर्ने सेक्रेटरी र प्रतिनिधिले पार्टीलाई कसरी अझै क्रान्तिकारी बनाउने, कसरी क्रान्ति सम्पन्न गर्ने र वैज्ञानिक समाजवाद स्थापना गर्ने भन्ने विषयमा सुझाव पेस गरेका थिए।

## पार्टी प्रवक्ता प्रकाण्डद्वारा ....

विप्लवद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा आफ्नो पार्टीले तीनबुँदे सहमतिप्रति पूर्ण प्रतिबद्धतासहित अक्षरशः लागु गरिराखेको र गर्ने विश्वास व्यक्त गरिएको छ।

प्रधानमन्त्री देउवाको नेतृत्वमा सरकार गठन भएको पहिलो सातामै तीनबुँदे सहमति कार्यान्वयनको विषयलाई लिएर यसअघि पार्टीका महासचिव विप्लवको नेतृत्वमै सरकारसँग भेटवार्ता भएको ३ महिना बित्न लाग्दासमेत सहमति कार्यान्वयन नहुनुले थुप्रै प्रश्न र आशङ्का जन्माउन थालेको ज्ञापनपत्रमा उल्लेख छ। ज्ञापनपत्रमा भनिएको छ, 'आजका मितिसम्म बन्दी नेता-कार्यकताहरू रिहा नहुनु र मुद्दा खारेज नहुनुले हाम्रो पार्टी, बन्दी नेता-कार्यकर्ताहरू, उहाँका परिवारजन र नेपाली जनतामा आक्रोश र चिन्ता पैदा भएको छ। यो विषयलाई गम्भीरताका साथ लिन जरुरी छ।'

देशको राष्ट्रिय स्वाधीनता र विद्यमान राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, विकास, समृद्धि, जनताको विकराल जनजीविकालगायत यावत् समस्याहरूको शान्तिपूर्ण ढङ्गले वार्ता र संवादको माध्यमबाट अग्रगामी र क्रान्तिकारी समाधान खोज्ने तीनबुँदे सहमतिको मर्म रहेकाले उक्त सहमति कार्यान्वयनमा तत्परता देखाउन ज्ञापनपत्रमार्फत सरकारलाई आग्रह गरिएको छ।

## तीनबुँदे सहमती ....

जिल्ला प्रशासन कार्यालय रोल्पाअगाडि कालो ब्यानर राखेर धर्ना कार्यक्रम तथा कोणसभा गरेको छ।

धर्ना कार्यक्रममा सम्बोधन गर्दै नेकपा जिल्ला सेक्रेटरी दिनेशविक्रम चन्द 'मानव' ले बिनासर्त सम्पूर्ण नेता-कार्यकर्तालाई रिहा गर्न सरकारलाई आग्रह गरे।

गैरकानुनी रूपमा पार्टीमाथि प्रतिबन्ध लगाएर तत्कालीन ओली सरकारले दमन गरेको भन्दै उनले गिरफ्तार गरिएका सम्पूर्ण नेता-कार्यकर्तालाई रिहा नगरिए कडा सङ्घर्षमा जान बाध्य हुने पनि चेतावनी दिए। कोणसभालाई सम्बोधन गर्दै पूर्वीजिल्ला इन्चार्ज सन्तोष सुवेदीले सहमति कार्यान्वयन नभए सरकारले जस्तोसुकै मूल्य चुकाउन तयार हुनुपर्ने चेतावनी दिए।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी मकवानपुरले फागुन २१ गते नेकपा र सरकारबीच भएको तीनबुँदे सहमति कार्यान्वयनको मागसहित जिल्ला प्रशासन कार्यालय हेटौँडामा धर्ना दिएको छ। धर्ना कार्यक्रममा सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा मकवानपुरका जिल्ला इन्चार्ज नयनले फागुन २१ गते भएको सहमति कुनै आलटाल नगरी शतप्रतिशत लागू गर्न माग गरे। सरकारले यसमा ढिलासुस्ती, आनाकानी गरी सहमति बिथोल्न खोजेमा नेपाल कम्युनिस्ट पार्टी आमजनताको साथमा सडक सङ्घर्षमा उत्रने उनको चेतावनी थियो। जिल्ला सेक्रेटरी वाटरले तीनबुँदे सहमतिको विषय लिएर जनतालाई सडक सङ्घर्षमा आउन बाध्य बनाएको खण्डमा निकट भविष्यमा हुने सम्पूर्ण अशान्ति र क्षतिको जबाफदेही सरकार आफैँ हुनुपर्ने बताए।

(बाँकी समाचार विभिन्न पृष्ठमा)

## राष्ट्रघाती एमसीसी ....

अदालती प्रक्रिया पूरा गरेर थुनामुक्त भएकाबाहेक कसैलाई रिहा नगरिएको भन्दै लिखित सहमतिमा उल्लिखित सर्तका आधारमा उक्त पार्टीका नेता र कार्यकर्ताहरूलाई अविलम्ब रिहा गर्न उक्त बैठकले सरकारसँग माग गरेको छ।

यस्तै २०६४ साल माघ १० मा भारतको जीएमआर.कम्पनीसँग तत्कालीन नेपाल सरकारले गरेको सम्झौतालाई १४ वर्षदेखि झुलाएर राख्ने र सम्झौतामा भएका कुनै पनि सर्त पूरा नगर्ने काम हुँदै आएको पनि विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा भनिएको छ, 'भारतीय जीएमआर धोकेबाज कम्पनीसँग भएको सम्झौता खारेज गरी कुनै हालतमा म्याद थप नगरी क्षतिपूर्ति भराउने र माथिल्लो कर्णाली परियोजनालाई माथिल्लो तामाकोसीको मोडेलमा नेपाल सरकारले आफैँले सञ्चालन गर्ने काम अगाडि बढाओस् भन्ने यो बैठक जोडदार माग गर्दछ।'

**एमसीसी सम्झौता खारेजी आन्दोलनमा आबद्ध दल/सङ्गठनहरू यसप्रकार रहेका छन् :**

१. नेकपा (क्रान्तिकारी माओवादी) २. नेकपा (माले) ३. नेपाल कम्युनिस्ट पार्टी ४. नेपालका लागि नेपाली ५. उन्नत लोकतन्त्र पार्टी ६. नेपाल कम्युनिस्ट पार्टी ७. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ८. नेकपा (माओवादी केन्द्र समाजवादी) ९. नेकपा (माओवादी मोर्चा) १०. राष्ट्रिय जागरण मञ्च ११. जनसमाजवादी पार्टी १२. नेकपा (संयुक्त) १३. वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी १४. नेकपा (बोल्सेबिक) १५. एमसीसी खारेज अभियान १६. पुष्पलाल अध्ययन समाज १७. स्वतन्त्र राष्ट्रिय अभियान १८. नेकपा मार्क्सवादी (पुष्पलाल) १९. राष्ट्रिय जागरण अभियान २०. नेकपा (जनवादी) २१. सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी) २२. मार्क्सवादी एकता अभियान २३. नेकपा (मार्क्सवादी) २४. राष्ट्रिय समाजवादी मञ्च, नेपाल २५. राष्ट्रिय जागरण परिषद् नेपाल २६. समाजवादी ज्ञान केन्द्र रहेको छन्।


## डिभिजन सडक कार्यालय ललितपुरको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाई हाम्रो ठूलो धनराशी खर्च भएको हुन्छ। त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सबैको दायित्व हो। निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनाधिकृत रुपमा सडक सीमा अतिक्रमण गरी घर टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोर मैला फाल्नेजस्ता वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु, नगराउनु हुन सम्बन्धित सबैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
डिभिजन सडक कार्यालय, ललितपुर

नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ। घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ।

टोखा नगरपालिका, काठमाडौं, बाग्मती प्रदेश

प्रदेश सरकार
भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश
## यातायात व्यवस्था कार्यालय सवारी कास्की

**सम्पूर्ण सेवाग्राहीहरुमा अत्यन्तै जरुरी सुचना**

१. सवारी कर तोकिएकै समयमा तिर्ने गरौं । जरिवाना लाग्न बाट बचौं ।
२. सवारी धनीले कुनै सवारी हेरफेर गर्दा कार्यालयको स्वीकृति लिएर गरौं ।
३. सवारी साधनहरु पंजिकरण गरेर मात्र संचालन गरौं । रातो प्लेटका सवारी भाडा प्रयोजनमा प्रयोग नगरौं ।
४. सवारी साधनसँग सम्वन्धित कागजपत्रहरु (सवारी चालक अनुमतीपत्र, ब्लु बुक, रुट परमिट, जाँचपास) साथमा राखि सवारी चलाऔं । ट्राफिक नियमको पालना गरौं ।
५. सार्वजनिक/निजि सवारी साधन धनीहरुले आयकर असोज मसान्तभित्र अन्य कर चैत्र मसान्तभित्र वा नविकरण अवधि सकिएको तीन महिनाभित्र जुन अगाडि हुन्छ सोही मितिभित्र कर तिरी जरिवानाबाट मुक्त हुनुहोस् ।
६. नागरिक बडापत्र पढौं र बैङ्क अगाडि राखिएका नमूना भौचर अनुसार जम्मा भौचर भरौं । कसैको बहकाउमा नलागौं, आफै कर तिर्ने बानी बसालौं ।
७. कारखाना तथा वर्कशपहरु अनिवार्य रुपमा दर्ता गरेर मात्र संचालन गरौं ।
८. तोकिएको हदभन्दा बढि यात्रु/मालसामान नराखौ ।
९. सवारी साधनमा आरक्षित सिट बमोजिम यात्रु राखौं ।
१०. यात्रुवाहक सवारी साधनहरुले नियमानुसार अपाङ्गता, जेष्ठ नागरिक तथा विद्यार्थी सहुलियत अनिवार्य रुपमा प्रदान गरौं ।

**डिल्लीराम रिज्याल, कार्यालय प्रमुख**

---

## नगरपालिका कार्यालयको अनुरोध

- व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔं ।
- नगरपालिकाभित्र व्यापार व्यवसाय गर्दा अनिवार्य रूपमा दर्ता गरेर मात्र गर्ने गरौं ।
- नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
- आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुघर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
- नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौं ।

नेपालीहरुको विशेष चाड दशैं, तिहार तथा छठ-२०७८ को अवसरमा सम्पूर्ण दाजुभाइ ,दिदीबहिनी एवं देश तथा विदेशमा रहनुहने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

### मन्थली नगरपालिकाको कार्यालय
बाग्मती प्रदेश

---

## नगरपालिका कार्यालयको अनुरोध

- व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔं ।
- नगरपालिकाभित्र व्यापार व्यवसाय गर्दा अनिवार्य रूपमा दर्ता गरेर मात्र गर्ने गरौं ।
- नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
- आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुघर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
- नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौं ।

नेपालीहरुको विशेष चाड दशैं, तिहार तथा छठ-२०७८ को अवसरमा सम्पूर्ण दाजुभाइ ,दिदीबहिनी एवं देश तथा विदेशमा रहनुहने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

### रामेछाप नगरपालिकाको कार्यालय
बाग्मती प्रदेश

---

## नगरपालिका कार्यालयको अनुरोध

- व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔं ।
- नगरपालिकाभित्र व्यापार व्यवसाय गर्दा अनिवार्य रूपमा दर्ता गरेर मात्र गर्ने गरौं ।
- नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
- आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुघर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
- नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौं ।

नेपालीहरुको विशेष चाड दशैं, तिहार तथा छठ-२०७८ को अवसरमा सम्पूर्ण दाजुभाइ ,दिदीबहिनी एवं देश तथा विदेशमा रहनुहने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

### तारकेश्वर नगरपालिकाको कार्यालय
बाग्मती प्रदेश

---

*हिन्दु नेपालीहरुको विशेष पर्व दशैं, तिहार, छठ-२०७८ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी-दाजुभाइहरुमा सुख, शान्ति एवम् समृद्धिको*

## हार्दिक शुभकामना

श्री हरिचन्द्र शाह, अध्यक्ष
**एस.सी. पावर कम्पनी प्रा.लि.**
विशाल नगर, काठमाडौं
Happy Bijaya Dashami
नेपाल ऊर्जा आत्मनिर्भर अभियानमा संलग्न

---

## औषधीको आम उपभोक्तालाई जानकारी

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको पुर्जा अनुसार मात्र औषधीको प्रयोग गर्नुहोस ;
- औषधीको प्रयोग सम्बन्धि सम्पूर्ण जानकारी लिने जस्तै, औषधि कसरी प्रयोग गर्ने, औषधी घरमा कसरी भण्डारण गर्ने, औषधि सेवनगर्दा खान नहुने खाध तथा अन्य औषधि, कुनै मात्रा छुटेमा के गर्ने, औषधिको नकारात्मक असरहरु (side effects), तथा औषधी प्रयोग गर्दा अपनाउनु पर्ने साबधानीहरु ;
- औषधी बच्चाको पंहुचबाट टाढा राख्नुहोस ;
- आफु गर्भवती भएमा सो को बारे स्वास्थ्यकर्मीलाई जानकारी दिनुहोस ;
- औषधी प्रयोग गर्दा जीउ चिलाएमा, छालामा डाबरहरु आएमा, श्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तुरुन्त औषधी प्रयोग गर्न छाडी स्वस्थाकर्मीलाई सम्पर्क राख्नुहोस ;
- यदि एन्टिबायोटिक औषधी सेवन गर्न लाग्नु भएको छ भने तोकिएको मात्रा र अबधिसम्म प्रयोग गर्नुहोस र गरानुहोस ;
- औषधी खरिद गर्ने औषधि पसलको ब्यबसायीको मान्यता प्रमाणपत्र हेर्ने गर्नुहोस ;
- औषधी खरिद गर्दा अनिबार्य बिल लिने बानी गर्नुहोस ।

### औषधी व्यवस्था विभाग
बबरमहल, काठमाडौं

---

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
## व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना–दोस्रो
बुद्धनगर, काठमाडौं

### सूचना

**तपाईसँग जाँगर छ, सीप सिक्ने चाहना छ भने यस परियोजनाबाट सञ्चालन हुने छोटो अवधिको निःशुल्क सीपमूलक तालिममा सहभागी बनौं, प्राविधिक सीप सिकौं ।**

**रोजगार बनौं, आम्दानी बढाऔं, गरिबी हटाऔं । देशलाई समृद्ध बनाऔं ।**

**जानकारीको लागि**
फोन : ०१-४७८६३११, निःशुल्क फोन नं. : १६६००१६७७७७
वेबसाइट : www.event.gov.np

---

## सूचना । सूचना ।। सूचना ।।।

- सवारीचालक अनुमतिपत्रको नविकरण समयमै गरी जरिवानाबाट बचौं ।
- लिखित तथा प्रयोगात्मक परिक्षामा सहभागी हुने आउने परिक्षार्थीले अनिवार्य रुपमा सक्कल नागरिकता लिई उपस्थित हुनुपर्नेछ ।
- सवारी सम्बन्धी नियमहरुको पालना गरौं ।
- कोभिडको जोखिम कायमै रहेको हुँदा भिडभाड नगरौं, भौतिक दुरी कायम गरौं ।
- बिचौलियाको भर नपरी आफ्नो काम आफैले गरौं ।
- कुनै समस्या भएमा कार्यालय प्रमुख वा सूचना अधिकारीलाई सिधैं सम्पर्क गरौं ।

**सूचना अधिकारीको सम्पर्क नम्बर : ९८५६०३८३३५**

### यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र
पोखरा, कास्की

---

**नगरबासीमा अनुरोध**

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔं ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुघर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौं ।

### बुढानिलकण्ठ, नगरपालिका, काठमाडौं, बाग्मती प्रदेश

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं